- व्यक्तिगत सवारीको सट्टा ठूला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारीसाधनको प्रयोग बढाऔं ।
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं ।
- आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदूषण जाँच गरौं ।

**प्रदूषण घटाऔं, वातावरण जोगाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक
eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 25 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११५

## पटेर्वासुगौलीमा अभियानको सकारात्मक नतीजा

राधेश्याम पटेल, परवानीपुर, ८ पुस/

पर्साको पटेर्वासुगौलीको सामाजिक क्षेत्रमा चौतर्फी विकासको उद्देश्यले सञ्चालनमा रहेको स्थानीय अधिकार अभियानको सकारात्मक नतीजा देखिन थालेको छ। एक्शन एड नेपालको आर्थिक सहयोग एवं दिव्य विकास स्रोत केन्द्र पर्साको सहजीकरणमा सञ्चालनमा रहेको स्थानीय अधिकार अभियानको कार्यक्रमले पटेर्वासुगौलीका १ देखि ५ नम्बरका वडावासीमा सकारात्मक परिमाण दिन थालेको जिल्लास्तरीय अनुगमन टोलीले बताएको छ ।



जिल्ला समन्वय समिति, पर्साका सभापति अजयप्रसाद साह सोनार नेतृत्वको टोलीले गरेको अनुगमनमा यस्तो नतीजा देखिएको हो । तत्कालीन दिव्य युवा क्लब हालको दिव्य विकास स्रोत केन्द्रले सन् २०१८ जूनदेखि सन् २०२७ डिसेम्बरसम्म ग्रामीण भेगको उक्त पालिकाको सामाजिक क्षेत्रको उत्थानको लागि लगानी गरिरहेको छ । छ वर्षको अवधिमा संस्थाले करीब सात करोड रुपैयाँ लगानी गरेको दिव्य विकास स्रोत केन्द्रका प्रमुख रामाकान्त पटेलले बताए। संस्थाले महिला सशक्तिकरण, जीविकोपार्जन, शिक्षा, विद्यालय व्यवस्थापन एवं विद्यालयको भौतिक पूर्वाधार विकास निर्माणको क्षेत्रमा लगानी गरेर समाज विकास गर्न खोजेको प्रमुख पटेलले बताए। हरेक वर्ष संस्थाले सो पालिकाका पाँचवटा वडामा करीब डेढ करोड लगानी गरिरहेको छ। महिला सशक्तीकरणको क्षेत्रमा महिला, एकल महिला, किशोरीहरूलाई विभिन्न समूह बनाएर सशक्तीकरण गर्ने कार्य अघि बढेको छ भने शिक्षाको क्षेत्रमा विद्यालयमा गुणस्तरीय शिक्षा प्रवाह गर्न प्रधानाध्यापक तथा शिक्षकहरूलाई विद्यालय सुधार योजनाको लागि तालीम एवं अन्य व्यवस्थापकीय कार्यको लागि प्राविधिक सहयोग गरिरहेको प्रमुख पटेलले बताए ।

त्यसैगरी, जीविकोपार्जनको क्षेत्रमा १६ वटा समूहमा ४८० जनालाई आबद्ध गरी हरेक समूहबाट एकजना महिलालाई रु २५ हजारको दरले सहयोग रकम प्रदान गरी पसल, तरकारीखेतीलगायत आयआर्जन हुने कार्यमा सहयोग गरिएको छ। जसले गर्दा विदेशबाट फर्किएका र गाउँमैं अन्य रोजगारको लागि स्रोतसाधनको पर्खाइमा बसेका गाउँलेलाई सहयोग पुगेको छ । आत्मनिर्भर बन्ने अवसर संस्थाले दिएको गाउँलेहरूले बताएका छन् । १६ वटा महिलाहरूको समूहको लागि घुम्ती कोष स्थापना गरिएको छ । हरेक कोष खडा गर्न सुरुआती चरणमा रु २० हजार सहयोग संस्थाले गरेको छ। पटेर्वासुगौलीका तीन स्थानमा महिला सामुदायिक भवन र चार ठाउँमा महिला शौचालय निर्माण गरिएको छ । सो पालिका अन्तर्गत शौचालय नभएका विद्यालयमा शौचालय निर्माण र व्यवस्थापन खर्च उपलबध गराइएको छ। पालिकाका १४ वटा बालविकास केन्द्रलाई हराभरा बनाउन वृक्षारोपण गरिएको छ । कार्यक्रम सञ्चालनले महिला, पुरुष, एकल महिला, किशोरकिशोरी गरी १६/१७ जनालाई स्थानीय अधिकार अभियानमा जोडिएको छ । अनुगमन टोलीले स्थानीयस्तरमा रोजगार सिर्जना गर्न र गरीब विपन्नलाई आत्मनिर्भर बनाउन केन्द्रले सञ्चालन गरेको कार्यक्रमको प्रशंसा गरेको छ ।

## दुई महीनादेखि बन्द सिम्रौनगढ नपा सञ्चालन






प्रस, सिम्रौनगढ, ८ पुस/

दुई महीनादेखि बन्द रहेको सिम्रौनगढ नगरपालिका आइतवारदेखि सञ्चालनमा आएको छ । सिम्रौनगढ नगरपालिका अन्तर्गतका करार, अस्थायी, ज्यालादारी कर्मचारीहरूले तलबको माग गर्दै दुई महीनादेखि धर्नामा बस्दै आएका थिए ।

आजदेखि सिम्रौनगढ नगरपालिका लगायत सिम्रौनगढभित्रका विद्यालय, नगर अस्पताल र वडाहरूको कामकाज सञ्चालनमा आएका छन् ।

शुक्रवार बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाको अध्यक्षतामा कलैयामा बसेको बैठकमा आन्दोलनरत कर्मचारीबीच तीन बुँदे सहमति भएको थियो ।

जस अनुसार स्थानीय तहका कर्मचारीहरू, स्वास्थ्यकर्मी, अस्पतालका स्थायी, करार कर्मचारीहरू एवं शिक्षकहरूका बाँकी तलबभत्ताको भुक्तानी पुस ९ गतेभित्र गर्ने, शिक्षा, स्वास्थ्य, नगर अस्पताल तथा कर्मचारीहरूका माग सम्बन्धमा नगरप्रमुखले क्रमशः सम्बोधन गर्दै जाने, सिम्रौनगढभित्रका सम्पूर्ण विद्यालय, स्वास्थ्य कार्यालय, नगर अस्पताललगायत स्थानीय तहका सम्पूर्ण कार्यालय आजदेखि सुचारु गर्ने सहमति भएको थियो ।

सो अवसरमा नगरप्रमुख किशोरीप्रसाद कलवार, शिक्षा संयोजक कमलेश अग्रहरी, करार, अस्थायी, ज्यालादारी सङ्घका अध्यक्ष नितेश यादवलगायत शिक्षक, कर्मचारी र वडाध्यक्षाहरूको सहभागिता थियो ।

## विरोधका बावजूद प्रमुख प्रशासकीय अधिकृत यादव हाजिर

प्रस, रौतहट, ८ पुस/

रौतहटका दुईवटा स्थानीय तहमा रिक्त प्रमुख प्रशासकीय अधिकृत पूर्ति भएका छन् ।

रौतहटका १८ वटा स्थानीय तहमध्ये दुईवटा मात्रै गाउँपालिका छन् । दुई गापामा धेरै दिनदेखि रिक्त प्रमुख प्रशासकीय अधिकृत पदमा आज परमानन्द पाठक र ओमप्रकाश यादव हाजिर भएका हुन् ।

दुर्गाभगवती गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत पाठक सहजरूपमा हाजिर भएका छन् । यमुनामाई गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत यादव सुरक्षाकर्मीको सहयोगमा हाजिर भएका छन् ।

यमुनामाई गापामा प्रमुख प्रशासकीय अधिकृत यादवलाई गापा प्रमुख महमद सउदको सिफारिशमा हटाएर सुबोधकुमार महतोलाई जिम्मेवारी दिइएको थियो ।

जिम्मेवारी पाएका महतो सो गापामा हुने गरेका अनियमिततालाई सहन नसकी सरुवा गराएर अन्यत्र गएका कार्यालय स्रोतबाट थाहा भएको छ ।

महतो गएपछि रामश्रेष्ठ यादवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर सङ्घीय तथा सामान्य प्रशासन मन्त्रालयले खटाएलगत्तै ओमप्रकाश यादललाई पनि पुनः सो गापामा पठाएको हो । विगत तीन महीनामा तीनजना प्रमुख प्रशासकीय अधिकृतलाई सो मन्त्रालयले पठाएर गापामा समस्या सिर्जना गराएको छ ।

ओमप्रकाश यादव गापाको प्रमुख प्रशासकीय अधिकृतमा सरुवा गराएर आउँदा गाउँपालिका अध्यक्षसहित वडाध्यक्षले हाजिर गर्न दिएका थिएनन् ।

(बाँकी पाँचौं पातामा)

## डम्पिङ साइटको आगो निभाउन बेवास्ता

प्रस, निजगढ, ८ पुस/

निजगढ नगरपालिकाबाट दैनिक उत्सर्जित हुने फोहोरमैला जम्मा गरिने डम्पिङ साइटमा दुई दिनदेखि लागेको आगो नियन्त्रणमा आएको छैन । बकैयापुलदेखि तीन सय मिटर दक्षिण र नगरप्रमुख सुरथ पुरी सशस्त्र प्रहरी सुरक्षा बेस निजगढ पुगी त्यहाँको वारुणयन्त्रलाई आगो निभाउन पठाएका थिए। फोहोरको थुप्रो रहेकोले वारुणयन्त्रले पानी हालेर मात्रै आगो नियन्त्रणमा नआउने भएपछि भ्याकुलोडर वा एक्साभेटरको समेत मिलेमतोमा आगो लगाउने गरिएको स्थानीयहरूले आशङ्का व्यक्त गरेका छन्।

सो धूवाँले मानव स्वास्थ्यमा नराम्ररी प्रभाव पार्ने स्वास्थ्यकर्मीहरू बताउँछन्। रुघा, खोकी, दम, सास फेर्न गाह्रो हुने, क्यान्सरसम्मको रोग लाग्न सक्ने



डम्पिङ साइटमा लागेको निभाउँदै सशस्त्र प्रहरी । तस्वीरः प्रतीक

राष्ट्रिय वन क्षेत्रनजीकैको बकैयाखोला बगरमा फालिएको फोहोरको थुप्रोमा सल्केको आगोलाई निभाउन निजगढ नगरपालिकाले बेवास्ता गरेको हो ।

फोहोरको थुप्रोमा लागेको आगोले बकैयाटोल, शान्तिटोल, बजारटोल, तेस्रोलाइन, ठाडोलाइन, शहीदचोक हुँदै प्रदूषित धूवाँले निजगढ ढाके पनि बेखबर रहेको निजगढ नगरपालिकालाई स्थानीयले आगो निभाउन पटकपटक आग्रह गरेका थिए । डम्पिङ साइटको आगो निभाउन नगरपालिकाको वारुणयन्त्रसहित कर्मचारी, सशस्त्र प्रहरीले आज बिहान लगभग दुई घण्टा आगो निभाउने प्रयास गरे पनि पूर्णरूपमा नसकेपछि फर्किएका थिए ।

दिउँसोबाट आगो पुनः सल्किंदै धूवाँको मुस्लोले निजगढ ढाकेपछि प्रयोग गर्नुपर्ने देखिएको सशस्त्र प्रहरी सुरक्षा नेपाल, विपद् व्यवस्थापन बेस निजगढका प्रमुख एव प्रहरी नायब उपरीक्षक दिनेश शर्माले जानकारी दिए।

ग्रीन क्लिन सिटी हेटौंडाले निजगढ नगरको फोहोरमैला पाँच वर्षसम्म दैनिक व्यवस्थापन गर्न रु ५० लाखमा ठेक्का सकार गरेको थियो। सो संस्थाको सम्झौता अवधि अझै दुई वर्ष बाँकी छ। फोहोरको थुप्रोमा आफ्ना कामदारहरूले आगो नलगाएको संस्थाका अध्यक्ष नवराज खतिवडाले बताए । जाडोयाममा फोहोरको थुप्रोमा अज्ञात व्यक्तिले आगो लगाएर हैरानी बनाउने गरेको संस्थाका अध्यक्ष खतिवडाले बताए।

फोहोरको थुप्रोमा आगो लगाएर खरानी बनाउँदै फोहोरको डङ्गुर घटाउनु नपर्ने गरी नगरपालिका र ठेकेदारको सम्भावना हुने भन्दै प्लास्टिकजन्य कुनै पनि वस्तुहरू जलाउन नहुने स्वास्थ्यकर्मीले बताए ।

निजगढ नगरपालिकाले बगरमा बनाएको डम्पिङ साइट वन तथा वातावरणको हिसाबले पूर्णरूपमा कानूनविपरीत छ । वन क्षेत्रनजीकै फालिएको फोहोर चराचुरुङ्गी, वन्यजन्तुहरूले खाने हुँदा उनीहरू बिरामी पर्न सक्ने, धूवाँले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर पार्ने र वनजङ्गलका बोटबिरुवालाई समेत असर गर्ने डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए ।

निजगढ नगरपालिकालाई वन तथा वातावरणमा असर गर्नेगरी फोहोरमैला वन क्षेत्रमा डम्पिङ नगर्न पत्राचार गर्ने डिवका प्रमुख सिंहले बताए ।

## हार्दिक श्रद्धाञ्जलि

जन्मः
१९९४/०६/१० गते



स्वर्गारोहणः
२०८०/०८/२७ गते

**स्व लखनलाल प्रसाद जैसवार**

अत्यन्त दुःखका साथ सूचित गर्दछौं कि बुबा स्व वीरबहादुर राउत कुर्मी र आमा स्व कौशल्या देवीका छोरा तथा पत्नी स्व लालमति देवीका पति एवं हाम्रा प्रातः स्मरणीय **लखनलाल प्रसाद जैसवार** (भूपू वडाध्यक्ष, साबिक वीरगंज उपमहानगरपालिका वडा नं १९, नेपाली काङ्ग्रेस)ज्यूको मिति २०८०/०८/२७ गते (दिनाङ्क १३/१२/२०२३) बुधवारको दिन आकस्मिक निधन भएकोमा आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको लागि हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा विभिन्न माध्यमबाट हामीलाई सान्त्वना दिनुहुने नाता, कटुम्ब, इष्टमित्रहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**शोकाकुल परिवार**

भाइ/बुहारीः
**दमयन्ती देवी**
**शम्भुनारायण प्रसाद/उषा देवी**
**छोरा/बुहारीः**
**रामबाबू सिंह पटेल/मीना देवी**
**श्यामबाबू पटेल (भन्सार एजेन्ट)/सीमा देवी**
**उमेशकुमार पटेल/सुनीता देवी**
**राजेशबाबू पटेल/पुष्पा देवी**
**राजुबाबू पटेल/प्रियङ्का देवी**
छोरी/ज्वाइँः
**सावित्री देवी/रामेश्वरप्रसाद कुर्मी**

पोता/पोतीः
**सुदीश पटेल**
**साहिल पटेल/रेणु देवी**
**मुकुल पटेल, निखिल पटेल**
**आशुतोष पटेल, हिमांशु पटेल**
**रियांश पटेल, तानिशा पटेल**
**श्वेता पटेल, स्नेहा पटेल**
**आँचल पटेल, प्रेरणा पटेल**
**मेघा पटेल, काव्या पटेल**
**श्रेया पटेल, एन्जल पटेल, रिया पटेल**

**एवं समस्त परिवार**

## विचारसार र सूक्तिहरू

**व्यक्ति–व्यक्तिको विकास नभएसम्म भोलिको दिन राम्रो बनाउन सकिन्न ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# किसानलाई मलकै समस्या

**किसानहरूलाई अहिले युरिया मलको अभाव भएको छ। जतिखेर मलको आवश्यकता आइपर्छ किसानहरूले सहजरूपमा मल पाउँदैनन्। पछिल्लो धेरै वर्षदेखि यो नियति किसानहरूले भोगिरहेका छन् र उनीहरूलाई अहिले यसको बानी परिसकेको छ। धेरैजसो किसानले धानबाली भित्र्याइसकेका छन् र गहुँबाली लगाउन शुरू गरिसकेका छन् । अहिले सिंचाइ सुविधा भएका पालिकाहरूमा धानबाली भित्र्याएर गहुँबाली लगाइरहेको अवस्था छ। सिंचाइ सुविधा नभएका पालिकाहरूमा भने अहिले धान भित्र्याउने क्रम जारी छ। किनभने यस वर्ष गत वर्षको तुलनामा वर्षा कम भयो र आकाशे सिंचाइको भरमा रहेका किसानहरूले समयमा धान रोपनी गर्न पाएनन्, जसले गर्दा उनीहरूका उत्पादन ढिलो हुनुका साथै गत वर्षको तुलनामा कम पनि भयो । पर्सा जिल्लामा आकाशे पानीको भरमा रहेका किसानहरूले समयमा धानबाली गर्न सकेनन् र गत वर्षको तुलनामा उनीहरूको उत्पादन यस वर्ष कम भयो।**

**गत वर्षकै तुलनामा धानखेती गरिए पनि उत्पादन भने घटेको सरकारी तथ्याङ्कबाट देखिन्छ । कृषि ज्ञान केन्द्र, पर्साले गत वर्षकै तुलनामा धानखेती भएको तर उत्पादन भने घटेको जनाएको छ। उत्पादन घट्नुको कारण भने यस वर्ष समयमा वर्षा नहुनु हो। पर्सा जिल्लामा गण्डक नहरदेखि उत्तर थरुहट क्षेत्र छ, जहाँ सिंचाइको पर्याप्त व्यवस्था छ। कुलो, नहर, बोरिङबाट पनि सिंचाइको आवश्यकता पूरा हुने हुँदा थरुहट क्षेत्रमा धानखेती समयमा भएको थियो भने यसै जिल्लाको नहरदेखि दक्षिणी क्षेत्र बझियानमा भने सिंचाइको लागि आकाशे पानीकै भर पर्नुपर्ने हुँदा धानखेती ढिला भयो र उत्पादन प्रभावित भयो। अहिले थरुहट क्षेत्रमा धान भित्र्याएर गहुँबाली शुरू भइसकेको छ भने बझियानमा धानबाली भित्र्याउने क्रममा किसानहरू छन। थरुहट क्षेत्रका किसानहरू गहुँबाली गर्दा आवश्यक युरिया, पोटास र डिएपी मलको समस्या झेले भने अहिले सिंचाइ गरेर बाली हुर्काउने बेलामा आवश्यक युरिया मलको अभाव झेलिरहेका छन्। कृषि सामग्री कम्पनी वीरगंजले एक साताअघि ८१ हजार बोरा युरिया, डिएपी र पोटास सञ्चय रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो। तर पर्सा र बाराका किसानहरू अहिले गहुँबालीका लागि आवश्यक युरिया मल सहकारीबाट नपाएर छिमेकी भारतका विभिन्न बजारहरूमा पुगेर मलको आवश्यकता पूरा गरिरहेका छन्। गहुँबाली रोप्दा पोटास, डिएपी र युरिया तीनै थरीका मल आवश्यक हुन्छ। अहिले सिंचाइ गरिएको एक सातामा युरिया मलको मात्र आवश्यकता छ तर पनि उनहीरूले नेपाली बजारबाट मलको आवश्यकता पूरा गर्न सकेका छैनन्। कृषि सामग्री र साल्ट टेड्रिङ कम्पनीले मल आयात गर्ने र सहकारीमार्फत किसानहरूसम्म पुऱ्याउने जिम्मेवारी बोकेका छन्।**

**तर कुन बेला मल आवश्यक हुन्छ, कति हुन्छ भन्ने कुराको हिसाबकिताब राखेका यी दुई कम्पनीले किसानहरूलाई आवश्यक बेलामा मल कहिले पनि दिएका छैनन्। यसमा कम्पनी, ठेकेदार र सरकार को दोषी छ भनेर नङ्ग्याउने काम अहिलेसम्म भएको छैन। सरकारमा सहभागी नहुन्जेल जनमत पार्टीले किसानहरूको मागलाई लिएर आन्दोलन शुरू गरेको थियो तर अहिले सो पार्टी गठबन्धन सरकारमा भएकोले उसले पनि यो मुद्दालाई थाती राखेको छ। सङ्घ, प्रदेश र स्थानीय सरकार आफूलाई किसानमैत्री भन्छ तर किसानहरूका नैसर्गिक अधिकारतर्फ भने उदासीन छन्। किसानमैत्री हुन तीनै तहका सरकारले मल, सिंचाइ, बीउबिजन, कीटनाशक औषधिहरू किसानलाई समयमा र सहुलियत दरमा उपलब्ध गराउनुपर्छ।**

# सामुदायिक विद्यालयलाई पनि राम्रो बनाउन सकिन्छ

**शिक्षा नेपाल**



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

**युवा पलायनको अवस्था हेर्दा हामी विदेशका लागि श्रमिक उत्पादन गर्ने शिक्षा दिइरहेछौं जस्तो लाग्छ। वैदेशिक रोजगारमा गएका युवाहरू प्रायः सामान्य श्रमिक भएर काम गरिरहेका छन्। के हाम्रो शिक्षा प्रणालीले दिने शिक्षा यस्तै हो ?**

स्तर खस्कँदै गएको छ भनेर आलोचना मात्र गरेर सामुदायिक विद्यालयलाई राम्रो बनाउन सकिंदैन । केही सामुदायिक विद्यालयहरू संस्थागत विद्यालयभन्दा पनि राम्रा छन् । पर्सा जिल्लाका केही विद्यालयमा भवन छ, तर विद्यार्थी छैनन्। कहीं भवन र जग्गा पनि नभएको अवस्था छ । धेरैजसो सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप न्यून हुने गरेको छ। कुनै विद्यालयमा शिक्षकहरू १० देखि ४ बजेसम्म बस्दैनन् ।

सरकारी नीतिले गर्दा आज वीरगंज स्थित धेरैजसो सामुदायिक विद्यालयमा विद्यार्थीहरूको घुइँचो देख्न सकिन्छ तर त्यहाँ पढाइको स्तर खस्केको पर्याप्त जनगुनासो छ । यसमा शिक्षकहरूले आत्मालोचना गरेर आफैंबाट सुधार आरम्भ गर्नुपर्ने आवश्यकता छ। प्रधानाध्यापकले विद्यालयमा पूरा समय दिनुपर्छ र राजनीतिक पूर्वाग्रह नराखी शिक्षकहरूको सहयोग लिएर विद्यालय चलाउनुपर्छ। शिक्षकहरूलाई जिम्मेवार बनाउन समयमैं तलब खुवाउने व्यवस्था पालिकाहरूले मिलाउनुपर्छ। उनीहरूका लागि उत्प्रेरणा कक्षा सञ्चालन गर्नुपर्छ र एउटा निश्चित लक्ष्य दिनुपर्छ। लक्ष्य पूरा गर्ने शिक्षकलाई प्रोत्साहन र सम्मान दिनुपर्छ। शिक्षकको सही परिचालन हुन सक्यो भने विद्यालयको शैक्षिक अवस्थामा स्वतः सुधार हुन्छ ।

सामुदायिकमा नराम्रा शिक्षक छन् भन्न मिल्दैन किनभने उनीहरू शिक्षक सेवा आयोग पास गरेर आएका हुन् । संस्थागत विद्यालयका धेरै शिक्षकले त्यो मापदण्ड पूरा गरेका हुँदैनन्। यस कारण संस्थागतमा राम्रो र सामुदायिकमा नराम्रो हुने प्रश्न नै हुँदैन । यसको लागि नेपाल सरकारले पनि शिक्षकहरूलाई प्रोत्साहित गर्ने कानूनको व्यवस्था गर्नुपर्छ। लगातार लक्ष्य पूरा गर्ने; राम्रो नतीजा ल्याउने शिक्षकलाई पदोन्नति गर्ने र ग्रेड थप्ने व्यवस्था गरियो भने सामुदायिक विद्यालय धैरै राम्रो हुन सक्छ ।

एक्काइसौं शताब्दीमा पनि हाम्रो देशमा कुन विद्यालय राम्रो र कुन नराम्रो भनी मापन गर्ने आधार तीन घण्टे परीक्षाको परिणामलाई बनाइएको छ। यसमा परिवर्तन गरी विद्यार्थीलाई विद्यालय जाउँजाउँ लाग्ने, शिक्षकलाई काम गर्न मन लाग्ने, अभिभावकले चासो लिने, उत्पादित विद्यार्थी देशमा टिक्ने, शिक्षकहरूमा इच्छाशक्ति हुने, सूचना प्रविधिसँग जोडिएको हुनुपर्ने कुरामा ध्यान दिनुपर्छ। प्रधानाध्यापकको सम्बन्ध विद्यार्थी र शिक्षकसँग मैत्रीपूर्ण छ भने विद्यार्थीहरू मनका कुरा प्रधानाध्यापक वा शिक्षकलाई भन्छन् । विद्यालयमा पाठ्यक्रमसँगै विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप हुने आधारमा विद्यालयको मूल्याङ्कन गर्नुपर्छ ।

संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको गुणस्तर कमजोर रहेको तथ्याङ्कले देखाएको छ। सामुदायिक विद्यालयको स्तर उकास्नका लागि करोडौं खर्च गर्दा पनि शैक्षिक स्तर उकास्न सकिएको छैन । विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गरिए पनि त्यसको प्रभाव व्यवहारमा देखिएको छैन। अर्कोतिर संस्थागत विद्यालयमा तालीम प्राप्त विषयगत शिक्षकको अभाव रहे पनि शैक्षिक गुणस्तर सामुदायिक विद्यालयभन्दा राम्रो रहेको सरकारी तथ्याङ्कले देखाएको छ। विडम्बना के छ भने शैक्षिक सुधार योजना तर्जुमा गर्दा सरकारको ध्यान के कुरामा जाँदैन भने यस्ता पनि ठाउँ छन् जहाँ वर्षभरि विद्यार्थीको हातमा पाठ्यपुस्तक पुगिरहेको छैन, कुनै ठाउँमा पुगे पनि त्यहाँ विषयगत, तहगत र विज्ञ शिक्षकहरूको अभाव छ तथा धेरैजसो ठाउँमा शिक्षामा राजनीति हावी छ, पर्याप्त मात्रामा शैक्षिक सामग्रीको अभाव छ, कहीं फितलो व्यवस्थापन छ भने कहीं शिक्षकहरूले आफ्नो जिम्मेवारी पूरा गर्दैनन् ।

सामुदायिक विद्यालय सुधार गर्न प्रत्येक वर्ष बहस र प्रयास भइरहेको छ तर विद्यार्थीको सिकाइमा सुधार हुन सकेको छैन। शिक्षकहरूमा जवाफदेहिता, जिम्मेवारी र कर्तव्यबोध जगाउन सकिएको छैन। त्यस कारण पनि शिक्षण प्रभावकारी हुन सकिरहेको छैन। के पढाउने भन्ने योजनाविना शिक्षकहरू कक्षामा प्रवेश गर्छन् । यस्तो प्रवृत्तिले सामुदायिक विद्यालयको गुणस्तरमा कमी ल्याएको छ । शिक्षकहरू पढाउनेभन्दा राजनीति गर्न व्यस्त हुने गलत परिपाटीले झनै सामुदायिक विद्यालयको शिक्षा पछि परेको छ । कहीं–कहीं प्रधानाध्यापकले प्रयास गरेको देखिन्छ तर व्यवस्थापनले साथ दिएको देखिंदैन । कही–कहीं प्रधानाध्यापकले नै भ्रष्टाचार गरेको प्रमाण पनि फेला परेको छ ।

शिक्षा देशको भविष्य निर्माणको मेरुदण्ड हो। समाज र राष्ट्रलाई गतिशील बनाई विकास र समृद्धिको बाटोमा डोऱ्याउने मार्गदर्शक हो। देशलाई कस्तो बनाउने भन्ने विषय त्यहाँको शिक्षा प्रणालीमा भर पर्छ । समाजलाई आधुनिकता सँगसँगै मानवीय भावना जगाउने र प्रगति पथमा अग्रसर हुन शिक्षाले उत्प्रेरित गर्दछ। तर हाम्रो शिक्षा प्रणाली त्यस सोचभन्दा धेरै टाढा छ र सामुदायिक विद्यालयको उपलब्धि दिनदिनै कमजोर बन्दै गएको छ। शैक्षिक गुणस्तर कायम गर्न समयमैं पाठ्यपुस्तक, पाठ्यक्रम र पाठ्ययोजना उपलब्ध गराउनुपर्छ । विषयगत, तहगत र तालीमप्राप्त शिक्षकलाई एउटा निश्चित लक्ष्य दिनुपर्छ। विद्यालयमा पर्याप्त शैक्षिक सामग्री र शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक कर्मचारीलाई पुरस्कार र कमजोरलाई तालीम दिई सुधारको अवसर दिनुपर्छ। नेतृत्व लिन सक्ने शिक्षकलाई मात्र प्रधानाध्यापक बनाउनुपर्छ र यसरी शिक्षक प्रधानाध्यापकप्रति, प्रधानाध्यापक विद्यालय व्यवस्थापनप्रति र व्यवस्थापन समिति स्थानीय तहप्रति उत्तरदायी भए शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ ।

वीरगंज महानगरपालिका शिक्षामा समयसापेक्ष सुधार गर्न र कमी–कमजोरी हटाउन प्रयासरत देखिन्छ, तर त्यहाँ हुने राजनीतिक खिंचलोका कारण थुप्रै चुनौतीहरूको सामनासमेत गर्नुपरिरहेको छ । सामुदायिक विद्यालयको अवस्था खस्कनुमा एकले अर्कोलाई दोष लगाएर आफू राम्रो देखिने प्रवृत्ति बस्नु हो । अभिभावकहरूले शिक्षकले पढाएनन् भन्ने, शिक्षकहरूले विद्यार्थी पढेनन् भन्ने, विद्यालय व्यवस्थापन समितिले अभिभावक, शिक्षक तथा विद्यार्थीबीच तालमेल गराउन नसक्ने र शैक्षिक सुधार भन्दा भौतिक पूर्वाधारको योजनातिर बढी चासो दिने परिपाटी व्याप्त छ । नेतृत्वले यदि आफ्नो कार्यक्षेत्रका विद्यालयहरूलाई राम्रो बनायो भने समर्थनमा हजारौं विद्यार्थी, तिनका अभिभावक र हरेक नागरिकले साथ दिनेछ ।

शैक्षिक रूपान्तरणपूर्व पालिकाको समग्र शैक्षिक स्थिति पत्ता लगाई हरेक वर्षको प्राथमिकता छुट्याउँदा सजिलो हुन्छ । पालिकाले बनाउने हरेक योजना विद्यार्थीहरूको अनुभव, आवश्यकता र सपनाबाट निर्देशित हुनुपर्दछ । कुनै पनि योजना बनाउँदा र सञ्चालन गर्नुपूर्व अभिभावक, प्रधानाध्यापक र शिक्षकहरूको सल्लाह आवश्यक हुन्छ । पालिकाभित्र प्रधानाध्यापकबीच सिकाइ आदानप्रदान गर्न र समस्या समाधान गर्न नियमित बैठक आयोजन गर्न सकिन्छ । त्यसैगरी विषयगत शिक्षकहरूबीच यस्तै सत्रको आयोजन गर्न सकिन्छ । यस्तो सत्र सँगसँगै सबै तहबीच फरक–फरक समयमा गर्न सकिन्छ । यसरी एउटाले कसरी राम्रो अभ्यास गरिरहेको छ भन्ने कुरा सजिलै एक ठाउँबाट अर्को ठाउँ पुग्छ। बुझ्नुपर्ने कुरो के हो भने शिक्षकको कार्य र व्यवहारबाट विद्यार्थीहरूको सोच र मनस्थिति निर्धारण हुन्छ । यसको लागि विद्यार्थी र शिक्षक अनुपात मिलाउन पालिका क्षेत्रभित्र दरबन्दी मिलान गर्न सकिन्छ । पालिकाको रणनीतिक प्राथमिकताको आधारमा शिक्षकहरूलाई स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा प्रशिक्षणको व्यवस्था गर्न सकिन्छ। शिक्षा शाखालाई अनुगमन र प्रशासनिक कामको भूमिकाबाट माथि उठाएर शिक्षक–सहयोगी संयन्त्रको रूपमा विकास गर्न सकिन्छ। सोको लागि त्यहाँ आवश्यकता अनुसार दरबन्दी र स्रोत दिनुपर्छ । शिक्षण सिकाइसम्बन्धी अनलाइन कोर्सहरू लिनका लागि शिक्षकहरूलाई प्रोत्साहित गर्नुपर्छ । निश्चित समयावधिमा पालिकाका सम्पूर्ण शिक्षकहरूको भेला गराई विद्यालयको उपलब्धि र चुनौतीहरू साटासाट गर्न सकिन्छ ।

धेरैजसो ठाउँमा के देखिएको छ भने भवन ठूला भए तापनि विद्यार्थीहरूलाई सजिलो बनाउने कुरामा ध्यान दिइएको पाइँदैन । विद्यार्थीहरू बस्ने बेंच साँघुरो हुन्छ, शुद्ध खानेपानीको व्यवस्था हुँदैन, शौचालय फोहर हुन्छ । बिग्रेको धारा वर्षौंदेखि बिग्रेकै हुन्छ। बालबालिकालाई राम्रो बनाउनका लागि उनीहरूको पहलमा कक्षा कोठा सजाउन सकिन्छ । हरेक विद्यालयमा इनडोर–आउटडोर खेलको व्यवस्था गर्न सोही अनुसार संरचना बनाउन सकिन्छ ।

यसैगरी अभिभावक शिक्षाका महत्त्वपूर्ण पक्ष हुन्। तसर्थ विद्यालयहरूले अभिभावकलाई सचेत बनाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ। अभिभावकमा भएको सीप र ज्ञान विद्यालयहरूमा सिकाउने व्यवस्था मिलाउन सकिन्छ। समुदायका विभिन्न सङ्घसंस्थाको सहयोग लिएर विद्यार्थीहरूको सिकाइ वृद्धि गर्न सकिन्छ। त्यसैगरी पालिकाहरूले स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय तीर्थस्थल, जनसाङ्ख्यिकी, संस्कृति, ज्ञान, प्रविधि र व्यक्तिहरूको कथा समेट्न सक्छ । बालबालिकाहरूलाई विभिन्न परिस्थितिमा उपयोगी हुने आत्मरक्षार्थ प्रशिक्षण दिन सकिन्छ । पर्यावरण संरक्षणको लागि सचेत गराउन सकिन्छ। उनीहरूलाई प्रविधिमा साक्षर गराउँदै साइबर अपराधबाट जोगाउन सकिन्छ ।

शैक्षिक रूपान्तरणाको अर्को महत्त्वपूर्ण पाटो व्यक्तिहरूको समूह हो। योजना कार्यान्वयन गर्न राजनीतिक स्वार्थभन्दा माथि उठेर कामप्रति लगाव भएका मानिसहरूको समूह बनाउनैपर्छ। हरेक वर्षको प्राथमिकता तय गरेर काम गर्दा पाँच वर्षमा उल्लेख्य काम हुन सक्छ।

सामुदायिक विद्यालयको सुधार गर्नुपूर्व यो अवस्थासम्म कसरी आइपुग्यो भन्ने कुरा जान्न जरूरी छ। राजनीतिक प्रभावबाट नभई दक्ष शिक्षक छनोट गर्ने मानसिकता विकसित गर्नुपर्छ । युवा पलायनको अवस्था हेर्दा हामी विदेशका लागि श्रमिक उत्पादन गर्ने शिक्षा दिइरहेछौं जस्तो लाग्छ। वैदेशिक रोजगार मा गएका युवाहरू प्रायः सामान्य श्रमिक भएर काम गरिरहेका छन् । के हाम्रो शिक्षा प्रणालीले दिने शिक्षा यस्तै हो ? नेपालमा जति पनि संस्थागत विद्यालयहरू छन् तिनको नेतृत्व गर्ने कुनै कालखण्डमा सामुदायिक विद्यालयकै उत्पादन हुन् । सामुदायिक विद्यालय वा कलेजमा पढाउने धेरैजसो शिक्षक संस्थागत विद्यालय तथा कलेजमा अध्यापन गराइरहेका छन् र त्यहाँ राम्रो परिणाम पनि हासिल भइरहेको छ तर सामुदायिक विद्यालयमा छैन । यो गम्भीर विषय हो । विद्यालयप्रति अभिभावक, विद्यार्थी र समाजको चासो हुनु जरूरी छ ।

यसरी सम्पूर्ण नागरिक र राज्य सामुदायिक शिक्षालाई सुधार गर्न सकारात्मक चिन्तन र चासोका साथ अघि बढ्ने हो भने छिट्टै सफलता हासिल गर्न सकिन्छ । राज्यलाई हामीले तिर्ने करको सदुपयोग गराउनु आम नागरिकको कर्तव्यसमेत हो। शिक्षा क्षेत्र सुध्रिने र सामान्य परिवारका बालबालिकाले समेत गुणस्तरीय, निश्शुल्क, प्राविधिक र व्यावसायिक शिक्षा प्राप्त गर्ने हो भने छिट्टै समृद्धि हासिल गर्ने कुरामा दुई मत छैन ।

# सुन्तलाखेतीबाट १० करोड भित्र्याउँदै इच्छाकामना

चितवन, ८ पुस/रासस

सुन्तलाखेतीबाट मात्रै इच्छाकामना गाउँपालिकाका किसानले मनग्य आम्दानी लिने भएका छन् । यहाँ रहेका ४५० भन्दा बढी किसानले यस वर्ष मात्रै रु १० करोड आम्दानी लिने भएका हुन् ।

गाउँपालिकाको कृषि विकास शाखाका अनुसार यहाँका किसानले उत्पादन गरेको सुन्तलाले राम्रो मूल्य पाएपछि यस वर्ष आम्दानी धेरै हुने भएको छ। शाखाका प्रमुख आशिष त्रिपाठीका अनुसार अहिले किसानको बारीबाट रु ७५ देखि ९० सम्ममा सुन्तला बिक्री हुने गरेको छ । यहाँ यस वर्ष ८० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिंदै आएको छ । त्यसमध्ये ६० हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन भएको उनले बताए ।

गाउँपालिकामा लगाइएका २० हजार बोटमध्ये १५ हजार बोटले उत्पादन दिएको उनले जानकारी दिए । उनले भने– "उत्पादनका हिसाबले अघिल्लो वर्षको तुलनामा कम हो, उत्पादन कम भएपनि किसानले मूल्य भने राम्रो पाएका छन्।" गत वर्ष कृषि ज्ञान केन्द्रबाट सुन्तलाखेती क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत ५१०० बिरुवा लगाइएको थियो। सो कारणले गत वर्षको तुलनामा क्षेत्रफल बढे पनि उत्पादन हुने क्षेत्रफल विस्तार हुन नसकेको उनले बताए ।

उनका अनुसार ६० हेक्टर क्षेत्रफलमा उत्पादन लिंदै गर्दा गत वर्षको तुलनामा यस वर्ष १२ प्रतिशत उत्पादन घटेको छ। गत वर्ष यहाँ १६५० मेट्रिक टन सुन्तला उत्पादन भएकोमा यस वर्ष घटेर १५०० मेट्रिकटन उत्पादन भएको शाखा प्रमुख त्रिपाठीले बताए । जिल्लाको एकमात्र पहाडी क्षेत्र रहेको इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिका–२९ को पहाडी क्षेत्रमा सुन्तला उत्पादन हुँदै आएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# शक्ति बाँडफाँडको नाममा सम्हाल्नै नसक्ने गरी अधिकार दिनु उचित हुँदैन : केपी ओली

प्रस, वीरगंज, ८ पुस/

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले लोकतान्त्रिक गणतन्त्रभित्र लोकतान्त्रिक संरचना र संयन्त्र कार्यान्वयन हुनुपर्ने बताएका छन् ।

नेकपा एमालेले सञ्चालन गरेको मध्यपहाडी पुष्पलाल लोकमार्ग समृद्धिका लागि सङ्कल्प यात्राको उपलब्धिका सम्बन्धमा आइतवार पार्टी केन्द्रीय कार्यालयमा आयोजित सञ्चारकर्मीसँगको संवाद कार्यक्रममा अध्यक्ष ओलीले लोकतन्त्र व्यापक प्रणाली र सङ्घीयता त्यसको एउटा पक्ष भएको बताए । यात्राको क्रममा जनताले लोकतन्त्रको पक्षमा दृढता राखेको पाइएको ओलीको भनाइ छ । "लोकतान्त्रिक व्यवस्थाको विषयमा आजको नेपाली जनता सचेत छ," ओलीले भने ।

लोकतन्त्रलाई बलियो र संस्थागत बनाउन सबै लाग्नुपर्नेमा ओलीले जोड दिए । आफूहरू त्यसमा निरन्तर लागिरहेको उनले बताए ।



तस्वीरः सौजन्य

कुनै ठाउँमा नामका विषयमा वा अन्य विषयसँग जोडेर लफडा गरिएको बताउँदै ओलीले त्यस विषयमा बसेर छलफल गर्नुपर्ने बताए । राज्यलाई कमजोर बनाउने विभिन्न काम भइरहेका अवस्थामा कसलाई कति शक्ति दिने र शक्तिको बाँडफाँड कसरी गर्ने भन्ने विषयमा छलफल गरेर टुङ्गोमा पुग्नुपर्नेमा ओलीले जोड दिए ।

शक्ति र स्रोत बाँडफाँड सम्बन्धमा सम्हाल्नै नसक्ने गरी अधिकार दिन नहुने उनको सुझाव छ । यस विषयमा सोचेर निर्णय गर्नुपर्ने ओलीले बताए । अहिले शिक्षालगायतका क्षेत्रमा केही समस्या देखिएको उनको भनाइ थियो ।

# साना किसान कृषि सहकारीको साधारणसभा सम्पन्न

प्रस, बिरुवागुठी, ८ पुस/

पर्सागढी नगरपालिका–३ स्थित सुशासन साना किसान कृषि सहकारी संस्था लिमिटेडको साधारणसभा सम्पन्न भएको छ ।

आमोदेवी जनता क्याम्पसमा शनिवार सहकारीको वार्षिक साधारणसभाको सांसद अजयकुमार चौरसियाले उद्घाटन गरेका थिए। उनले सहकारीमा लागेका महिलाहरूलाई ऋण दिएर लक्षित काममा खर्च गर्न सुझाए। उनले ऋण एक प्रयोजनमा लिने र अर्को प्रयोजनमा खर्च गर्दा अहिले समस्या भएको भन्दै उत्पादनमूलक कार्यमा ऋण लिन र सोहीमा खर्च गरेको खण्डमा सावाँ, ब्याज तिर्न समस्या नहुने बताए।

प्रदेशसभा सदस्य श्याम पटेलले पर्सागढीका महिलाहरू अधिकारका साथसाथै आआफ्नो जिम्मेवारी बोध गरेर हिंडिरहेको बताए । उनले महिला जागरणको यो उदाहरण जिल्लामा विरलै देख्न पाइने भन्दै पर्सागढीका दुईवटा सहकारी संस्था महिलाहरूले सफलतापूर्वक




सञ्चालन गर्दै आएकामा गौरन्वावित महसूस गरेको बताए ।

संस्थाकी अध्यक्ष बिन्दुदेवी थरुनीको अध्यक्षतामा भएको साधारणसभामा नगरप्रमुख गोकर्ण पाठक, नेका पर्साका उपसभापति अशोक गुप्ता, पूर्वनगरप्रमुख लोकनारायण यादव, पूर्वउपप्रमुख साना किसान सहकारी लिमिटेड, उदयपुरघुर्मीका अध्यक्ष वीरेन्द्र कर्णलगायतले मन्तव्य व्यक्त गरेका थिए।

उद्घाटनसत्रमा लेखा समिति सदस्य टीका श्रेष्ठले रु ९२ लाख ११ हजार ८१९ को आयव्यय प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा उपाध्यक्ष बबिता चौधरीले स्वागत र बलिराम शुक्लले सहजीकरण गरेका थिए ।

# उच्च अदालतहरूमा स्वचालित पेसी तारेख शुरू

काठमाडौं, ८ पुस/रासस

देशभरका उच्च अदालतमा आइतवारदेखि स्वचालित पेसी तारिख व्यवस्थापन प्रणाली प्रारम्भ भएको छ। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले उच्च अदालत पाटनबाट देशभरका उच्च अदालतमा स्वचालित पेसी तारिख व्यवस्थापन प्रणाली प्रारम्भ गरेका हुन्।

उच्च अदालत सात प्रदेशमा सात वटा र अस्थायी इजलास गरी १८ वटा रहेका छन्। ती सबै अदालतमा आजदेखि उक्त प्रणालीबाट पेसी तारेख तोकिनेछ। प्रधानन्यायाधीश श्रेष्ठले अदालतलाई पूर्णरूपमा प्रविधिमैत्री बनाउँदा सहजरूपमा सेवाग्राहीले काम गर्न पाउने र सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढ्ने विश्वास व्यक्त गरे ।

"सर्वोच्च अदालतमा प्रारम्भ गरेर सफल भएपछि उच्च अदालतमा लिइने पेसी तारिख पनि स्वचालित मेशीनबाट गर्ने प्रणाली शुरू गरेका हौं," श्रेष्ठले भने, "यसप्रति सबैको विश्वास गुणस्तरीयता, पारदर्शिता र विश्वास हुन्छ। यो भनसुनका भरमा आग्रह गरेर हुनेछैन, न्यायिक इतिहासमा पहिलोपटक उच्च अदालतमा यो प्रणाली प्रारम्भ

(बाँकी चौथो पातामा)



विश्वको कान्छो पर्वत शृङ्खला चुरेको संरक्षण अति आवश्यक छ। चुरेको फेद आसपास भएर बग्ने नदी, खोलानालाबाट अत्यधिक नदीजन्य पदार्थ उत्खनन गर्दा चुरे स्खलित भएको हो। करीब डेढ दशकअघि बाराको अमलेखगंजमा रहेका क्रसर उद्योगहरूले एक्साभेटर, डोजर, लोडरले खोलानालामा मनोमानी तरीकाले उत्खनन गर्दा यस्तो समस्या निम्त्याएको हो । सरकारद्वारा गठित राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले चुरे फेददेखि एक किलोमिटर आसपासमा रहेका क्रसर उद्योगहरू पूर्णरूपमा सात वर्षअघि बन्द गराएको थियो । तस्वीरः जीतलाल श्रेष्ठ

# निकुञ्जका आक्रामक चार भाले हात्ती

चितवन, ८ पुस/रासस

चितवन राष्ट्रिय निकुञ्जमा समूहबाट अलग भएका चारवटा भाले हात्ती यतिबेला बढी आक्रामक बनेका छन् । निकुञ्जमा रहेका ध्रुवे, गोविन्दे, रोनाल्डो र मकुना हात्तीले निकुञ्ज र आसपासका बस्तीमा त्रास बढाएका छन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार निकुञ्जमा रहेका यी हात्तीमध्ये ध्रुवेले जगतपुर, माडी र निकुञ्जको पश्चिम क्षेत्रमा त्रास बढाएको छ । गोविन्दे, रोनाल्डो र मकुनाले पूर्वी क्षेत्रमा त्रास बढाएको उनले बताए ।

"ध्रुवे माडी र जगतपुर क्षेत्रमा छ भने अन्य तीन हात्ती सौराहा क्षेत्रमा रहेका छन्," तिवारीले भने, "सौराहा क्षेत्रमा हात्ती प्रजनन केन्द्र खोरसोर क्षेत्र तथा पोथी हात्ती यहीं क्षेत्रमा भएकाले तीन हात्तीलाई यस क्षेत्रमा केन्द्रित गराएर राखिएको हो ।"

निकुञ्जमा रहेका भाले हात्तीको सक्रियता बढेसँगै निकुञ्ज प्रशासनले स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। उनले भने, "जङ्गली हात्ती समुदायमा पस्ने र फर्कने क्रम जारी छ । सबै सजग रहनुहोला ।"

अहिले समुदायमा पस्ने, टहरा भत्काउने, अन्नबाली नष्ट गर्नेलगायतका काम गरिरहेको भन्दै तिवारीले निकुञ्ज आसपासका बस्तीका बासिन्दालाई सतर्कता अपनाउन अनुरोध गरिएको बताए । समयसमयमा यी हात्ती बस्ती पस्ने गरेको भन्दै उनले सबै सजग भइरहन र सामुदायिक वन क्षेत्रमा घाँस दाउरा गर्न जाँदासमेत सजगता अपनाउन अनुरोध गरिएको बताए ।

एक्लै भएका बेला यी हात्तीले समुदायमा पसेर मानवीय क्षति गर्न सक्ने भएको भन्दै सूचना अधिकारी तिवारीले हात्ती देखिएमा निकुञ्ज प्रशासन वा नजीकैको सुरक्षा पोस्टमा खबर गर्नसमेत अनुरोध गरिएको जानकारी दिए ।

# नेप्से परिसूचकमा २१ अङ्कको गिरावट

काठमाडौं, ८ पुस/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २१ दशमलव शून्य तीन अङ्कले ओरालो लागेर दुई हजार ८८ दशमलव शून्य सातमा सीमित भएको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव २९ अङ्कले ओरालो लागेर ३९१ दशमलव ३३ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये आज चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ ।

कुल एक करोड ८५ लाख ८९ हजार ३७९ कित्ता शेयर रु सात अर्ब ११ करोड १७ लाख ३३ हजार ८२९ मूल्यमा खरीद–बिक्री भएका छन् । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु ३० करोड ४३ लाख २८ हजार बराबरको कारोबार भएको छ ।

त्यस्तै, हाथवे इन्भेस्टमेन्ट रु २९ करोड ५० लाख नौ हजार ५९४, सोनापुर मिनरल्स रु २८ करोड १९ लाख ४५ हजार सात सय, घोराही सिमेन्ट रु २२ करोड ५२ लाख २२ हजार र आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको रु १९ करोड तीन लाख ७२ हजार आठ सय बराबरको शेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल, कालिका पावर, सामलिङ पावर, बिपिडब्ल्यू लघुवित्त, चिर्खवा हाइड्रोपावर, मुक्तिनाथ कृषि कम्पनी, सूर्यज्योति लाइफ इन्स्योरेन्सलगायतका कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, ज्योति विकास बैंकको ऋणपत्र र नेपाल रिपब्लिक मिडियाको शेयर मूल्यमा १० प्रतिशतले गिरावट आई नकारात्मक सर्किट लागेको छ ।

हाथवे इन्भेस्टमेन्ट नौ दशमलव ८५, आँखु खोला जलविद्युत् कम्पनी नौ दशमलव १७ र हिमालयन डिस्टिलरीका शेयरधनीले छ दशमलव ८७ प्रतिशतले गुमाएका छन् ।

# विश्वबहादुरको एउटै बगानमा फल्यो ७५ लाखको सुन्तला

दमौली (तनहुँ), ८ पुस/रासस

तनहुँको म्याग्दे गाउँपालिका–२ उमाचोकका सुन्तला उत्पादक कृषक विश्वबहादुर अधिकारीले एउटै सुन्तला बगानमा उत्पादित सुन्तला रु ७५ लाखमा बिक्री गरेका छन्। उनले सुन्तला व्यापारी तुलबहादुर थापालाई उक्त बगानमा उत्पादित सुन्तला सो मूल्यमा बिक्री गरेका हुन् ।

यहाँ उत्पादित सुन्तला विगत केही वर्षयता उनले नै ठेक्कामा खरीद गर्दै आएका छन् । कृषक अधिकारीले भने, "ठेक्कामा बिक्री गर्दा सजिलो हुने भएकोले एकैचोटि ठेक्कामैं दिन्छु। यो वर्ष रु ७५ लाखमा सुन्तला बिक्री गरेको हुँ ।"

जिल्ला विकास समितिका पूर्वसभापति भइसकेका उनी सुन्तलाखेतीबाट सन्तुष्ट छन् । गाउँको भिरालो जमीन सदुपयोग गरी विसं २०५२ देखि व्यावसायिकरूपले सुन्तलाखेती शुरू गरेका अधिकारीले वार्षिक रु ६०/७० लाखसम्मको सुन्तला बिक्री गर्दै आएका छन् ।

उक्त सुन्तला बगानमा एक हजार तीन सयभन्दा बढी सुन्तलाका बोट छन्। उनले भने, "गत वर्ष राम्रो उत्पादन भएन। कहिलेकाहीं समस्या आउँछ। म आफैं पनि बिरामी भएँ, व्यवस्थापन कमजोर भयो।" सबैभन्दा धेरै यसै वर्ष सुन्तला उत्पादन भएको अधिकारीको भनाइ थियो। उनले भने, "अन्य वर्ष रु ६०–७० लाखसम्मको सुन्तला उत्पादन भएको थियो । यो वर्ष सबैभन्दा धेरै उत्पादन भयो ।"

"सुन्तलाखेतीका लागि वार्षिक रु १५ लाख खर्च हुने गरेको छ," उनले भने, "यो वर्ष खेताला बढी लगाउनुपरेको र मलखादको प्रयोगका कारण खर्च बढी हुन्छ। फलेका सबै सुन्तला टिपिसकेपछि बोटमा गोडमेल गर्ने, मल हाल्ने र पिना हाल्ने काम हुन्छ ।" अधिकारीले भने, "उमाचोक सुन्तला उत्पादनका लागि उर्वर ठाउँ हो । सम्भावना देखेरै नै यो खेतीमा लागेको हुँ। आम्दानी पनि राम्रो भइरहेको छ। यसबाट सन्तुष्ट नहुने कुरै छैन ।"

सुन्तला बिक्रीबाट भएको आम्दानीले नै छोरा इन्जिनीयर र छोरी चिकित्साशास्त्र पढिसकेको उनले बताए। सुन्तला बगैंचा सुदृढीकरण, गोडमेल, मलखाद व्यवस्थापन, समयमा



औषधोपचार गर्न सके सुन्तलाको दाना राम्रो, रसिलो, गुलियो र उत्पादन पनि राम्रो हुने उनको भनाइ छ ।

बगानसम्मै सडक जोडिएकाले बिक्रीका लागि सहज भएको सुन्तला खरीद गर्न ठेकेदार बगानमा नै आउने हुँदा बजारको कुनै समस्या नभएको र बिक्री हुँदैन कि भन्ने चिन्ता नभएको अधिकारी बताउँछन् ।

सुन्तला खरीद गर्ने ठेकेदार थापाले यहाँ उत्पादित सुन्तला काठमाडौं लगेर बिक्री गर्ने गरेको बताए । "म्याग्देको खानीगाउँ, उमाचोकमा सुन्तला राम्रो भएकाले बगान नै ठेक्का लिएर खरीद गर्ने गरेको छु। यहाँ उत्पादित सुन्तलाका दाना राम्रा हुन्छन् । बजारको समस्या छैन ।"

जिल्लामा गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो। जिल्लामा उत्पादित अधिकांश सुन्तला जिल्लाबाहिर निर्यात हुने गरेको छ । त्यस वर्ष नौ हजार ६४५ मेट्रिकटन सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लाका आठ हजार ५७० हेक्टर जमीनमा सुन्तलाखेती विस्तारको सम्भावना रहेको र कार्यालयले किसानलाई बगैंचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ। यहाँ उत्पादित अधिकांश सुन्तला काठमाडौंका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरीदका लागि व्यापारी बगैंचासम्म पुग्ने गरेका छन् । काठमाडौंका अलावा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको सम्बद्ध किसानहरूले बताए। उक्त केन्द्रले चालू आर्थिक वर्षमा सुन्तलाखेतीमा सहयोग गर्न रु एक करोड बजेट विनियोजन गरी किसानलाई बगैंचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ ।

# उच्च अदालतमा दुई न्यायाधीश सिफारिश

काठमाडौं, ८ पुस/रासस

न्यायपरिषद्को आइतवारको बैठकले सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार लालबहादुर कुँवर र रजिस्ट्रार निर्मला पौडेललाई उच्च अदालतका न्यायाधीशमा सिफारिश गरेको छ ।

प्रधानन्यायाधीश एवं परिषद्का अध्यक्ष विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले उच्च अदालतमा न्यायाधीशका लागि कुँवर र पौडेलको नाम सिफारिश गरेको हो । परिषद्को आजको बैठकले कुँवरलाई उच्च अदालत पाटन र पौडेललाई उच्च अदालत पोखराको जिम्मेवारी तोकेको छ ।

त्यस्तै, बैठकले उच्च अदालत तुलसीपुर अन्तर्गत बुटवल इजलासका न्यायाधीश चन्द्रबहादुर सारुलाई उच्च अदालत तुलसीपुर अन्तर्गत नेपालगंज इजलासमा सरुवा गरेको छ ।

# सरकारको एक वर्ष : सूचना प्रविधिको सुरक्षित प्रयोग र विस्तार

स्वतन्त्र विचार



नेत्र सुवेदी 'प्रयास'

**नतीजा पाउन टाढा जानुपर्दैन, भारतले अपनाएको गति शक्ति परियोजनाले सबै स्थानबाट तथ्याङ्कको जियोलोकेसन सहितको विवरण जम्मा पार्ने काम गरिरहेको छ। त्यसबाट सिक्न र नेपालमा समेत अपनाउन सकिन्छ, ताकि जुनसुकै निर्णय गर्दा वा योजना लागू गर्दा स्पष्ट आधार बन्न सक्छ।**

वर्तमान सरकारले एक वर्ष पूरा गर्नै लाग्दा यस साता सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआई)सम्बन्धी अवधारणापत्रमा काम गरिरहेको छ। भविष्यका लागि एआईले उघार्ने सम्भावनालाई पहिचान गर्ने र प्रयोगमा ल्याउने विषय पक्कै पनि महत्त्वपूर्ण छ। विज्ञहरूको समेत सहयोगमा मन्त्रालयको आधिकारिक अवधारणा तयार हुन केही समय लाग्ला नै। खासगरी तथ्याङ्क प्रणाली र सूचना व्यवस्थापनमा एआईले दिन सक्ने शीघ्र गणना र विश्लेषणलाई सबैखाले काममा महत्त्वका साथ हेरिएको छ। च्याटजिपिटी, गूगल एआईलगायतका सर्च इन्जिनहरू लोकप्रिय बनेका छन् भने एआईका अन्य औजारहरू पनि प्रतिस्पर्धाका साथ इन्टरनेट मार्केटमा देखा परेका छन्।

नामबाट पनि थाहा हुन्छ कि सूचना प्रविधिसम्बन्धी कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका समग्र कार्यहरूमध्ये एउटा प्रमुख पाटो हो। यसका लागि नीति तथा कानून निर्माण तथा कार्यान्वयन, आवधिक योजनाका सोच, उद्देश्य र लक्ष्यहरूलाई वार्षिक कार्यक्रममार्फत कार्यान्वयनमा लैजाने काम मन्त्रालयले गर्दै आएको छ। मन्त्रालयभित्र सूचना प्रविधि महाशाखा र फ्रिक्वेन्सी व्यवस्थापन गरी दुईवटा महाशाखा क्रमशः सूचना प्रविधि र दूरसञ्चार प्रविधिसँग सम्बन्धित कार्यका लागि निरन्तर क्रियाशील रहेका छन् भने सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्रसमेतले सूचना प्रविधिको विकास, नियमन र सार्वजनिक डाटाको सुरक्षित भण्डारणमा केन्द्रित भएर काम गर्दै आएका छन्।

केही आधार तयार भएका छन् र परिणाम पनि देखा परेका छन्। बितेको एक वर्षको अवधिमा केही काम सम्पन्न भएका छन् भने केही काम सम्पन्न हुने क्रममा छन् र केही हालसालै प्रारम्भ गरिएका छन्। केही काम भने सोचेजस्तो गरी अघि बढ्न सकेका छैनन्। कार्यसम्पादनमा केही संरचनागत र व्यवहारगत व्यवधानहरू छन्। यिनै बाधा, अवरोधहरू छिचोलेर अघि बढ्नुपर्ने र आपसी समन्वय र विश्वासलाई सघन बनाउनुपर्ने पनि छ। सबैभन्दा पहिले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विगत एक वर्षमा सम्पन्न गर्न सकेका कामहरूका सम्बन्धमा चर्चा गरौं।

राष्ट्रिय साइबर सुरक्षा नीति तयार भई २०८० साउन २३ गतेको मन्त्रिपरिषद्को निर्णयबाट पारित भई कार्यान्वयनमा आएको छ। यो नीतिले साइबर कानून बन्नुपर्ने र एउटा स्वतन्त्र एवं विज्ञ सम्मिलित संरचनाको रूपमा साइबर सुरक्षा केन्द्र स्थापनाको समेत परिकल्पना गरेको छ। कानून निर्माण र केन्द्र स्थापनाका लागि तयारीका कामहरू भइरहेका छन्। त्यसो त साइबर सुरक्षाका लागि सेक्युरिटी अपरेशन सेन्टर पनि मन्त्रालयभित्र नै ७/२४ नै सञ्चालित छ। सरकारी वेबसाइट र सूचना प्रविधि प्रणालीहरूमा देखिन सक्ने साइबर सुरक्षासम्बन्धी जोखिमहरूको निगरानी, प्रविधिगतरूपमैं अनुगमन गरी जोखिम देखा परेमा सोको समाधानको पहल गर्ने कार्य यो सेन्टरले गरिरहेको छ। साइबर सुरक्षा केन्द्र सञ्चालनमा आएपछि यसको काम पनि सोही केन्द्रमा समायोजन हुनेछ।

सूचना प्रविधि महाशाखाले डिजिटल नेपाल फ्रेमवर्कसम्बन्धी कामको पनि संयोजन गरिरहेको छ। आठवटा क्षेत्रका ८० वटा पहल गरिने भनेर झन्डै पाँच वर्षअघि घोषणा भए तापनि फ्रेमवर्कको परिचय तथा कार्यान्वयन कार्ययोजना प्रकाशन नहुनु, हरेक वर्ष कार्यक्रम राखिनु सबल पक्ष भएपनि राखिएका कार्यक्रमहरू प्रस्ट नतीजा देखिनेगरी कार्यान्वयन हुन नसक्नु कमजोरीका रूपमा देखिएका छन्। त्यस्तै, धेरै निकायबीचको समन्वय नै चुनौतीको विषय बन्नु यस फ्रेमवर्कको कमजोरी पक्ष भएको छ। समयको गतिसँगै डिजिटल नेपाल फ्रेमवर्कलाई समसामयिकरूपमा अद्यावधिक गरिने क्रममा छ भने त्यसरी अद्यावधिक गर्नका लागि विश्व बैंकको सहयोग लिएर डिजिटल नेपाल एक्सिलरेशन प्रोजेक्ट अगाडि बढाइँदै छ।

सूचना प्रविधिकै क्षेत्रमा भएको अर्को काम भनेको सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को तर्जुमा र कार्यान्वयन पनि हो। सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालमा सञ्चालन गर्नका लागि सूचीकृत हुनुपर्ने भनेर तीन महीना अवधिको सूचना प्रकाशित भइसकेको छ भने सामाजिक सञ्जाल व्यवस्थापन एकाइले आफूलाई तोकेका कामहरू प्रारम्भ गरिसकेको छ। निर्देशिकाले स्वनियमनका विषयहरू समाविष्ट गरेको भए तापनि सामाजिक सञ्जाल प्लेटफर्महरूको दर्ता नवीकरण गर्ने, कन्टेन्ट मोडरेसन एवं सम्भावित कसूर परिभाषित गर्ने, उजूरीउपर अनुसन्धान, अभियोजनजस्ता सारभूत विषय समेटेर कानून बनाउनुको विकल्प छैन। यही विषयलाई मध्यनजर गरी कानूनको मस्यौदा तयार हुँदैछ।

यसैगरी, फ्रिक्वेन्सी व्यवस्थापन नीति, २०८० पनि तर्जुमा भई कार्यान्वयनमा आएको छ। विगतमा मस्यौदा भई प्रतिनिधिसभामा पुगेर पुनः पेश गर्नुपर्ने अवस्थामा पुगेको सूचना प्रविधि विधेयकलाई नयाँ ढङ्गले तयार गर्ने काम भइरहेको छ भने दूरसञ्चार विधेयकको मस्यौदा पनि तयार हुँदैछ।

सूचना प्रविधि विधेयकको मस्यौदामा विद्युतीय हस्ताक्षरका विषय, सूचना प्रविधिको विकास र मापदण्डका विषय, सेवाप्रवाहलाई सूचना प्रविधिसँग जोड्ने विषयलाई समेट्नुको साथै साइबर सुरक्षा र डेटा सेक्युरिटीका आधारभूत विषयलाई समेत समेटेर अन्तिम रूप दिने काम भइरहेको छ। वेबसाइटमा नयाँ फिचरहरू थप गर्ने क्रममा "मन्त्रीसँग भर्चुअल संवाद" (मिट योर मिनिस्टर) नामक अन्तर्क्रियात्मक फाराम पनि प्रयोगमा रहेको छ। सामाजिक सञ्जालसम्बन्धी गुनासो सम्बन्धित प्लेटफर्म सञ्चालकले सुनुवाइ नगरेको आधारसहित मन्त्रालयमा अनलाइन गुनासो गर्न सकिने वेबसाइटमा 'अपलोड' गरिनेसमेत अन्तिम चरणमा रहेको छ। मन्त्रालयको प्रवेशद्वारसँगै भए गरेका कामहरू देखिने डिस्प्ले टिभी पनि प्रयोगमा रहेको छ। साबिकदेखि सञ्चालनमा रहेका संरचनाहरूलाई के कसरी वैज्ञानिक र प्रभावकारी तुल्याउन सकिन्छ भन्ने कोणबाट सङ्गठन पुनर्संरचनाका कामहरू पनि हुँदैछन्।

सूचना प्रविधिको प्रयोगको अवस्था सम्बन्धमा जानकारी लिनका लागि कुनै पनि देशको इ-रेडिनेस इन्डेक्स, इपार्टिसिपेसन इन्डेक्स र इ-गभर्नेन्स डेभलप्मेन्ट इन्डेक्स हेर्न सकिन्छ। नेपालको इ-गभर्नेन्स डेभलपमेन्ट इन्डेक्स १०० मा ५१ हाराहारीमा पुगेको छ। यसले दूरसञ्चार पूर्वाधार, सार्वजनिक सेवासँग सूचना प्रविधिको आबद्धता र मानवीय सक्षमतालाई विश्लेषण गर्ने हुँदा यी तीनवटै आयाममा सुधार हुँदा मात्र सूचकमा देखिनेगरी सुधार सम्भव हुन्छ। नेपाल सरकारका सबै तहका सरकारी संयन्त्रहरूले प्रयोग गर्न सक्ने सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) तथा वेबसाइट टेम्प्लेटमा सुधार एवं विस्तार गर्दै जाने, सूचना प्रविधि प्रणालीहरूको अनुगमन गर्ने प्रणालीबाट जोखिमको निगरानी बढाउने, ग्रुप एसएमएस सेवा, विद्युतीय हस्ताक्षरसम्बन्धी कार्य, नागरिक एपमा सेवाहरू आबद्ध गर्दै जाने विषय, सफ्टवेयर तथा हार्डवेयर भेटिङको सवाल, डेटा सेन्टरलाई रिकभरी सुविधा र क्लाउड सुविधासहित पूर्णरूपमा सञ्चालन गर्ने कार्यसूचीमा समेत मन्त्रालय र विभागले महत्त्वका साथ कार्य गरिरहेका छन्। साइबर सुरक्षामा देशकै अवस्था जान्नको लागि ग्लोबल साइबर सेक्युरिटी इन्डेक्सको स्कोर हेर्न सकिन्छ। नेपालको स्कोर सन् २०२२ मा १०० मा ४४.९९ छ भने राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले आगामी १५ वर्षमा यो स्कोर ८० पुऱ्याउने महत्त्वाकाङ्क्षी लक्ष्य राखेको छ।

**सूचना प्रविधिको सम्भावना र नतीजा**

गर्नुपर्ने र नतीजामा पुग्नुपर्ने धेरै सवाल छन्। मन्त्रालय र मातहत निकायमा प्रयोगमा रहेका सूचना प्रविधि प्रणालीबीच अन्तर आबद्धतालाई पूर्णता दिई अन्य निकायका लागि उदाहरण बन्न सक्नुपर्छ। डिजिटल डिभाइडलाई के कसरी कम गर्न सकिन्छ भन्ने विषयलाई गम्भीरताका साथ लिइनुपर्छ। सरकारी कामकाजमा के कसरी सूचना प्रविधि उत्प्रेरक र सहयोगी बन्न सक्छ भन्ने कोणबाट सूचना प्रविधि इकोसिस्टम निर्माण गर्नेगरी एक निरन्तर क्रियाशील कार्यटोली नै प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। विज्ञको संलग्नता र परामर्श बढाउँदै लगिएको भए तापनि एउटा कार्यविधिसमेतका आधारमा रोस्टर तयारी गर्ने र नीति बहसहरूमा संलग्न गर्ने विषयलाई व्यवस्थित गर्न सकिन्छ। त्यस्तै, गुणस्तर कायम गर्न र साइबर जोखिमलाई घटाउन सूचना प्रविधि प्रणालीको सुरक्षा जाँचसम्बन्धी सफ्टवेयर एवं हार्डवेयरको भेटिङसम्बन्धी कार्यलाई मापदण्ड बनाएर लागू गर्नुपर्ने देखिन्छ। यो कार्य प्रारम्भ भएपनि अन्तिम रूप पाएको भने छैन।

निजी क्षेत्रको इन्टरनेट सेवाप्रदायक मर्कन्टाइल प्रालिले हालसम्म सञ्चालन गरिरहेको डटकमडट एनपीको सुरक्षित व्यवस्थापनका लागि मन्त्रालयको संलग्नता र लगानी रहने मोडल सम्बन्धमा केही कार्यहरू बाँकी छन्। डिजिटल हस्ताक्षरको महत्त्व र उपादेयता सम्बन्धमा पैरवी गर्दै यसको प्रयोग बढाउन र सुरक्षित इ-गभर्नेन्सका लागि माध्यमको रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ। बढ्दो साइबर स्पेससँगै घट्न सक्ने साइबर आक्रमणका घटनाबाट बचनका लागि साइबर हाइजिनका सबैखाले प्रबन्ध गर्न ढिला गर्नुहुँदैन। सूचना प्रविधिको प्रयोग बढ्दै जाने जोखिम पनि बढ्ने तर सूचना प्रविधि जनशक्ति संलग्न रहने सेवा भने पहिचानविहीन हुनु कुनै पनि हालतमा युक्तिसङ्गत हुँदैन। तसर्थ निजामती सेवामा सूचना प्रविधि सेवा थप गर्ने र बजारको विज्ञ जनशक्तिसमेत प्रयोग गर्न सक्ने गरी हाइब्रिड संरचनामार्फत काम हुनु उपयुक्त हुन्छ। विभागको दरबन्दी संरचनामा पुनरावलोकन गरी हाल विस्तार भएका समेतका कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्नु आवश्यक छ।

सूचना प्रविधि तथा दूरसञ्चार सेवाका विषयहरू परस्परविरोधी रुचि समूह संलग्न हुने र बजारशक्तिको समेत सधैं चासो हुने त छँदैछ तीव्र परिवर्तन हुने हुँदा संवेदनशील पनि भएबाट यसको सही व्यवस्थापन आफैंमा चुनौतीपूर्णसमेत छ। त्यस्तै, अन्य क्षेत्रहरूमा पनि सूचना प्रविधि र न्यू मिडियाको प्रत्यक्ष प्रभाव परेको महसूस भएकाले कार्यरत जनशक्तिलाई सूचना प्रविधिसम्बन्धी विषयमा नियमितरूपमा अद्यावधिक गरिरहनुपर्ने देखिन्छ। बजारमा विकसित अवधारणालाई उपयुक्त ढङ्गले सरकारी संरचनामा प्रवेश गराउने र कार्यसम्पादन स्तरमा सुधार ल्याउनका लागि परिपूरक भूमिका रहने सदस्यहरूसहितको कार्यटोली प्रयोगमा ल्याउन जरुरी हुन्छ।

**डिजिटल नेपालको सपना**

सूचना प्रविधि महाशाखा अन्तर्गतकै इन्जिनीयर वर्षको उत्कृष्ट कर्मचारी घोषित हुनु, एकपछि अर्को नवीन समस्याहरूले नवीन समाधानको माग गर्नु र एआईको सदुपयोग गरी थप नयाँ सम्भावनाको क्षितिज उघार्नुपर्ने अवस्थामा नेपालमा सूचना प्रविधिको प्रयोगलाई स्तरीय र सुरक्षित गराउन मन्त्रालयको भूमिकालाई कम आकलन गर्नु गलती हुन जान्छ। खासगरी विदेशमा सिकेका ज्ञान, सीप र अनुभवलाई मन्त्रालयको सान्दर्भिक टीममा साझा गर्ने कार्य संस्कृति विकसित गर्न ढिलाइ भइरहेको अनुभूत हुन्छ। त्यस्तै, भारतले 'डिजिटल इन्डिया'को अवधारणालाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको सन्दर्भमा नेतृत्व, स्रोत साधन र समयका दृष्टिले पनि डिजिटल नेपालको विषयले ध्यानाकर्षण पाउनुपर्ने देखिन्छ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई पुनरावलोकन गर्नुपर्नेछ। सूचना प्रविधिसम्बन्धी कार्यहरूमा प्रदेश तह र स्थानीय तह आफैंले गर्न सक्ने र सङ्घीय तहबाट सहजीकरण हुनुपर्ने कामहरूका सम्बन्धमा स्पष्टता आवश्यक छ। प्रत्येक प्रदेशमा एक डेटा सेन्टर स्थापना गर्ने र ती सबै डेटा सेन्टरबाट सङ्घीय तहमा आवश्यक विवरण वा प्रतिवेदन प्राप्त गर्ने खालको सशक्त प्रणाली सम्बन्धमा पनि स्पष्ट खाकासहित कार्य प्रारम्भ गरिनुपर्छ। नतीजा पाउन टाढा जानुपर्दैन, भारतले अपनाएको गति शक्ति परियोजनाले सबै स्थानबाट तथ्याङ्कको जियोलोकेसन सहितको विवरण जम्मा पार्ने काम गरिरहेको छ। त्यसबाट सिक्न र नेपालमा समेत अपनाउन सकिन्छ, ताकि जुनसुकै निर्णय गर्दा वा योजना लागू गर्दा स्पष्ट आधार बन्न सक्छ। आगामी समय थप अग्रगमन र प्रभावकारी कार्यसम्पादनका लागि हुने आशा राखौं। रासस

उच्च ...

गरिएको हो।" उनले सर्वोच्च अदालतकै सूचना प्रविधि महाशाखामा भएको जनशक्तिबाट यो प्रणाली सम्भव भएको भन्दै आगामी दिनमा जिल्ला अदालतमा शुरू गर्नका लागि अध्ययन भइरहेको जानकारी दिए।

"यो प्रणालीबाट पेसी तारिख तोक्दा भेदभाव हुँदैन, अदालत र बार मिलेर गर्नुपर्ने काम प्रभावकारीरूपमा हुन्छ," प्रधानन्यायाधीश श्रेष्ठले थपे, "निकट भविष्यमा सर्वोच्च अदालतमा आफ्नै ल फर्मबाटै मुद्दा दर्ता गर्न सक्ने प्रणाली व्यवस्था गर्न अध्ययन गरिरहेका छौं। यो काम अन्तिम चरणमा पुगेको छ।" तारिख लिने कामका लागि अदालत जानु नपर्ने व्यवस्था गर्ने तयारी भइरहेको जनाउँदै उनले सर्वोच्च, उच्च अदालतमा पनि अनलाइनबाट सुनवाइ गर्ने व्यवस्था भइरहेको बताए।

बाँकी उच्च, विशेष र श्रम अदालत तथा वैदेशिक रोजगार न्यायाधीकरणमा पनि अनलाइन सुनुवाइ गर्ने व्यवस्था मिलाउने तयारी भइरहेको प्रधानन्यायाधीश श्रेष्ठले जानकारी दिए।

## फरक समाचार

### भारतको चोरबजार, राति खुल्छ, बिहान बन्द हुन्छ

सस्तो सामानको लागि मानिस प्रायः भारतको बजारमा किनमेल गर्न रुचाउँछन्। धेरैजसो व्यक्ति भारतको चोरबजारमा किनमेल गर्न रुचाउँछन्



किनभने यहाँ किनमेल सस्तो हुन्छ। तर चोरबजार भारतको हरेक शहरमा छैन। केही ठूला शहरका चोरबजार भारतभरि प्रसिद्ध छन्। सडकमा थापिने यस्ता पसलबाट ब्रान्डेड सामानदेखि नक्कली सामान पनि किन्न पाइन्छ। अङ्ग्रेजको जमानादेखि चल्दै आएका यी चोरबजारहरूको कथा पनि रोचक छ।

भारतको सबैभन्दा ठूलो चोरबजार दिल्ली, बेंगलुरू र कोलकातामा नभई मुम्बईमा छ। यहाँ दुईवटा चोरबजार छन् र सबैभन्दा ठूलो चोरबजार डेढ गली बजार हो। मटन स्ट्रीट र कमाठीपुरा, मुम्बईस्थित दुईवटा प्रसिद्ध चोरबजार हुन्। तर यसमा कमाठीपुराको डेढ गलीमा लाग्ने बजार निकै चर्चित र ठूलो चोरबजार हो। यो चोरबजार ७० वर्ष पुरानो हो र यसको सुरुआत सन् १९५० मा भएको थियो। कमाठीपुरा क्षेत्रको डेढ गलीमा लाग्ने यो बजार बिहान चार बजे शुरू हुन्छ र आठ बजे बन्द हुन्छ। चार घण्टा लाग्ने यस बजारमा सामान किन्नेहरूको ठूलो भीड लाग्छ। यहाँ ब्रान्डेड सामान आधा मूल्यमा पाइन्छ।

यस बजारको नाम चोरबजार भएपनि यहाँ चोरीकै सामान पाइन्छ भन्ने हुँदैन। मिडिया रिपोर्टका अनुसार यस बजारमा मुम्बई वरपरका ससाना कारखानाबाट थोकमा सामान आउँछन् र त्यसलाई कम मूल्यमा बेच्ने गरिन्छ। यसको अलावा डेढ गली बजारका केही पसलेले ब्रान्डेड कम्पनीबाट डिफेक्टिभ माल किनेर यहाँ बेच्छन्। यद्यपि कुनै बेला यहाँ चोरीको सामान बिक्री हुन्थ्यो तर अहिले त्यस्तो छैन। मुम्बईको सिक्रेट चोरबजारमा विद्युतीय उपकरणदेखि कपडा, जुत्ता-चप्पल र आवश्यक सामान पाइन्छन्। डेढ गली बजारमा मेड इन चाइना उत्पादन पनि पाइन्छ। एउटा रिपोर्ट अनुसार यस बजारमा एक दिनमा भारु २० करोडसम्मको व्यापार हुने गर्छ।

### हैकर्सबाट जोगाउन गूगल क्रोममा नयाँ फिचर

गूगल क्रोमले आफ्नो उपयोगकर्ताहरूको गोपनीयता कायम राख्न ब्राउजरमा सेफ्टी चेक नामक एउटा सुविधा प्रदान गरेको छ। यद्यपि वर्तमानमा यो मैन्युअलरूपमा काम गर्छ। अर्थात् जब हामी यसको सेटिङ अन गर्छौं, तब यसले हाम्रो कमजोर, मजबूत, सम्झौता गर्ने वेबसाइट, एक्सटेन्शन आदिबारे जानकारी दिन्छ। यो सुविधाले हामीलाई हैकर्सबाट बचाउनको लागि चेतावनी दिंदै समयमा पासवर्ड परिवर्तन गर्न अथवा आवश्यक कारबाई गर्न सुझाव दिन्छ। नयाँ अपडेटमा कम्पनी सिक्योरिटी चेक फिचरलाई अटोमेटिक गरिंदैछ। यसको मतलब यो अब ब्याकग्राउन्डमा चल्छ र आवश्यक पर्ने बेला जानकारी दिन्छ।



गूगलको सुरक्षा जाँच सुविधाले त्यस्ता वेबसाइटमाथि पनि निगरानी गर्छ, जसलाई हामीले काम गर्ने अनुमति पहिले नै दिएका थियौं तर अहिले त्यसको कुनै उपयोग भएको छैन। यो फिचरले स्वचालितरूपबाट यस्ता सबै वेबसाइटबाट एक्सेस हटाइदिन्छ र यसबारे हामीलाई सूचित गर्छ, जसले हाम्रोको तथ्याङ्क सुरक्षित रहोस्।

सेफ्टी चेकको अलावा कम्पनीले ब्राउजरमा थुप्रै नयाँ फिचर्स पनि दिंदैछ। चाँडै समूहीकृत टैबको व्यवस्था पनि मिलाउँदैछ। कम्पनीका अनुसार अनुभवलाई अझ उत्कृष्ट बनाउनको लागि आगामी वर्षदेखि ब्राउजरमा जेमिनी एआई फिचर पनि पेश गर्दैछ। कम्पनीले जेमिनी एआईलाई नैनो, प्रो र अल्ट्रा भर्जनमा लन्च गरेको छ। यो टूलको विशेषता भनेको एकैसाथ थुप्रै कार्य गर्न सकिन्छ।

### जाडोमा अम्बा किन खाने ?

मौसम अनुसार फल फल्छ। जाडो मौसममा अम्बा पाक्ने गर्छ। अम्बा स्वादिष्ट हुनुका साथै गुणकारी पनि हुन्छ। यसले पेटको कब्ज हटाउँछ, पाचन प्रक्रिया सुधार्छ। आइए सेन्ट्रल कमान्ड हस्पिटल लखनऊका डाइटिशियन एवं डायबिटिज एजुकेटर रोहित यादवका अनुसार अम्बा भिटामिन सीको राम्रो स्रोत हो। अम्बाको पातको रसले डायरियामा निकै सुधार गर्छ। इरिटेबल बोवेल सिन्ड्रोममा पनि अम्बाले राहत पुऱ्याउँछ। अम्बाले रोग प्रतिरोधक क्षमता बढाउन मदत गर्छ। भिटामिन सीले चीसोको प्रभाव कम गर्छ, ब्याक्टेरियासँग लड्न मदत गर्छ। महिलाहरूले पिरियडको क्रममा निकै समस्याको सामना गर्नुपर्छ। अम्बा र त्यसको पातले यस समस्यामा निकै राहत पुऱ्याउँछ। अम्बाको प्रयोग पैनकिलर्सभन्दा बढी प्रभावकारी हुन्छ।



जाडोमा धेरैजसोले अम्बा खाँदैनन् किनभने उनीहरूलाई चीसो लाग्ने डर रहन्छ। एउटा समाचार अनुसार अम्बामा लो-ग्लाइसेमिक इन्डेक्स हुन्छ। यसबाट रक्तमा चिनीको स्तर बढ्न रोक्न सकिन्छ। अम्बामा पाइने फाइबरले चिनीको स्तर नियन्त्रित गर्छ। अम्बाको पातमा थुप्रै पोषक तत्त्व पाइन्छन्, जसले कपाल झर्ने समस्या कम गर्छ। अम्बाको पातलाई पानीमा उमालेर कुल्ला गर्दा दाँत दुखाइ, गिजा सुन्निएकोमा आराम हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इन्डोनेशियाको निकेल प्लान्टमा विस्फोट, १२ जनाको मृत्यु, ३९ जना घाइते



जकार्ता, ८ पुस/एएफपी

पूर्वी इन्डोनेशियामा आइतवार चिनियाँ लगानीमा सञ्चालित निकेल (रसायन) प्रशोधन कारखानामा भएको विस्फोटमा परी कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै ३९ जना घाइते भएका छन्।

सुलावेसी टापुमा अवस्थित निकारागुआ निकेलको उत्पादनको लागि महत्त्वपूर्ण केन्द्र हो। विद्युतीय वाहनका लागि चाहिने ब्याट्री र स्टीलको लागि प्रयोग हुने महत्त्वपूर्ण धातु हो।

'पिटी इन्डोनेशियाको सिङ्शान स्टेनलेस स्टील'को प्लान्टमा स्थानीय समय अनुसार बिहान ५:३० बजे दुर्घटना भएको नगरपरिषद्का प्रवक्ताद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। "अहिले मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ भने घाइते हुनेको सङ्ख्या ५१ पुगेको छ। सामान्य र गम्भीर घाइते भएका ३९ जनाको उपचार भइरहेको छ," प्रवक्ता डेडी कुर्नियावानले बताए।

घटनामा सात इन्डोनेशियाली र पाँच विदेशी कामदारको मृत्यु भएको विज्ञप्तिमा जनाइएको छ।

कुर्नियावानले एएफपीलाई बताए अनुसार पाँचैजना विदेशी कामदार चिनियाँ नागरिक थिए।

अधिकारीका अनुसार प्रारम्भिक अनुसन्धानमा भट्टीको मर्मतका क्रममा प्रज्वलनशील तरल पदार्थ प्रज्वलित हुँदा विस्फोट भएको र त्यसपछि नजीकैको अक्सिजन टङ्कीमा पनि विस्फोट भएको देखिएको छ। आइतवार बिहानसम्म आगो पूर्णरूपमा नियन्त्रणमा आइसकेको छ। रासस

# 'ब्याट' फिर्ता लिन पिटिआई उच्च अदालत जाने

इस्लामाबाद, ८ पुस/एएनआई

पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई)ले पार्टीको चुनाव चिह्न क्रिकेटको 'ब्याट' हटाउने निर्णयविरुद्ध पेशावर उच्च अदालत वा सर्वोच्च अदालतमा जाने बताएको छ।

पाकिस्तान तेहरीक-ए-इन्साफका अध्यक्ष ब्यारिस्टर गोहर अली खानले शनिवार उक्त घोषणा गरेका हुन्।

निर्वाचन आयोगले आगामी फेब्रुअरी ८ मा हुने आमनिर्वाचनका लागि पिटिआईलाई चुनाव चिह्न 'ब्याट' कायम राख्न नदिने निर्णय गरेको छ।

पेशावर उच्च अदालतले निर्वाचन आयोगलाई कानून अनुसार शुक्रवारसम्म पिटिआईको अन्तरपार्टी निर्वाचन र चुनाव चिह्नबारे निर्णय गर्न निर्देशन दिएको एक दिनपछि निर्वाचन आयोगको फैसला सुनाइएको हो।

जियो न्यूजका अनुसार गोहरले अडियाला जेलबाहिर सञ्चारकर्मीसँग कुरा गर्दै 'ब्याट' चिह्न पुनः प्राप्त गर्न पिटिआईको निवेदन मङ्गलवार कार्यालय समयको पहिलो प्रहरमा नै दायर गरिने छ। निर्वाचन आयोगको नाम नलिइकन पिटिआईका नेताले सबै षडयन्त्र आफ्नो पार्टीलाई २२७ आरक्षित सिटबाट वञ्चित गर्ने उद्देश्यले गरिएको बताए। उनले निर्वाचन आयोगको पछिल्लो आदेशको पछाडि षडयन्त्र भएको पनि आरोप लगाएका छन्।

गोहरले भने-"अहिले राष्ट्रियसभाका आरक्षित ७० सिट हामीसँग छ। पाकिस्तानमा आरक्षित सिटको कुल सङ्ख्या २२७ छ। विधानसभाहरूमा उनीहरूको दलको शक्ति बराबर राष्ट्रिय पार्टीको मान्यताप्राप्त दलले सिटहरू प्राप्त गर्छन्।

जियो न्युजका अनुसार राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री र सिनेटका अध्यक्षका लागि हुने निर्वाचनमा आरक्षित सिटमा निर्वाचित सांसदको महत्त्वपूर्ण भूमिका हुन्छ।

"पाकिस्तानको निर्वाचन आयोगको आदेश विरोधाभासपूर्ण रहेको र दिगो खालको नभएको देखिन्छ"-पत्रकारको प्रश्नमा गोहरले बताए।

उनले अदालतको उक्त आदेशलाई चुनौती दिँदै अदालत गएपछि पिटिआईले अपेक्षित राहत पाउने कुरामा विश्वस्त रहेको बताए।

पेशाले वकीलसमेत रहेका गोहरले भने-"पिटिआईको चुनाव चिह्न पुनः स्थापित गरिनेछ। पिटिआई नेताहरू आफ्नो पार्टी निर्वाचन आयोगको प्रमाणित प्रतिलिपिको पर्खाइमा रहेको बताए।

गोहरले पिटिआईले संविधानको धारा १८४ अन्तर्गत इसिपीको आदेशलाई सर्वोच्च अदालतमा चुनौती दिन सकिने बताए। "इमरान खान पिटिआईका अध्यक्ष थिए, छन् र रहनेछन्"-उनले भने। उनले खानले सुम्पेको जिम्मेवारी मात्र पूरा गरिरहेको बताए।

गोहरले पूर्वप्रधानमन्त्री तथा पिटिआईका संस्थापक इमरान खान जेलबाट बाहिर नआएसम्म आफ्नो वर्तमान भूमिकामा पार्टीको जिम्मेवारी निर्वाह गरिरहने बताएका छन्।

गोहरले अन्यायपूर्ण निर्वाचनले देशमा अराजकता र अन्योल निम्त्याउने चेतावनी दिए। रासस

# सडक दुर्घटना हुँदा १६ जनाको मृत्यु

मानागुवा, ८ पुस/सिन्हवा

निकारागुआको माटागाल्पाको केन्द्रीय विभागमा शनिवार भएको सवारी दुर्घटनामा परी कम्तीमा १६ जनाको मृत्यु हुनुका साथै अन्य २६ जना घाइते भएका उपराष्ट्रपति रोजारियो मुरिलोले जानकारी दिएका छन्।

मृत्यु हुनेमा धेरै बालबालिका रहेको उनले स्थानीय टेलिभिजन च्यानल ४ लाई बताए।

करीब ७० जना यात्री बोकेको बस राँचो ग्रान्डे नगरपालिकास्थित मानसेरा नदीको पुलको बारमा ठोकिएर दुर्घटना भएको हो।

माटागाल्पाका प्रशासक पेड्रो हसलामले भने-"माटागाल्पा शहरमा भएको यस दुःखद घटनाबाट हामी निराश भएका छौं।"

माटागाल्पा सरकारका अधिकारी, स्वास्थ्यकर्मी, राष्ट्रिय प्रहरी र अग्नि नियन्त्रक विभागका एकाइ पीडितहरूको उद्धार र उपचारका लागि घटनास्थल पुगेको हसलामले बताए। रासस

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – राज्यलाभ |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – कडाश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – भयचिन्ता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# दोषीलाई छाडेको भन्दै पीडितद्वारा प्रदर्शन

प्रस, रौतहट, ८ पुस/

ज्यान मार्ने अभियुक्तलाई छाडेको आरोप लगाउँदै आइतवार पीडित पक्षद्वारा गौरमा विरोध प्रदर्शन भएको छ। बरहवा पुलदेखि शुरू भएको विरोध प्रदर्शन नगरपरिक्रमा गर्दै सरकारी वकीलको कार्यालय, रौतहटको मूलगेटमा पुगी धर्ना बसेको थियो। सरकारी वकीलको कार्यालय, रौतहटले मुद्दा नचलाएको आरोप लगाउँदै धर्नामा बसेको मृतकका बुबा नागेन्द्र साहले बताए।

मङ्सिर २ गते राजदेवी नगरपालिका-६ कार्बना निवासी राहुलकुमार साहलाई सोही वडा निवासी चारजनाले छुरा प्रहार गरी घाइते बनाएका थिए। उपचारको क्रममा राहुलको मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय, रौतहटमा चारजनामाथि किटानी जाहेरी दिएको मृतकका बुबा नागेन्द्रले बताए। जिल्ला न्यायाधिवक्ता बद्रीकुमार कार्कीले जिल्ला प्रहरी कार्यालय, रौतहटको अनुसन्धान तथा प्रतिवेदन अनुसार दुईजनालाई अभियुक्त बनाएको बताए। उनले थप दुईजनामाथि मुद्दा चलाउने कि नचलाउने भनी महान्यायाधिवक्ताको कार्यालयलाई सम्बोधन गरी राय माग गरिएको बताए।

उनले मुद्दा चलाउने राय आएको खण्डमा पुनः मुद्दा चलाउने बताए। प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले पीडित परिवारबाट शुरूमा एकजनामाथि ज्यान मार्ने उद्योग दर्ता भएको बताए। घाइते राहुलको मृत्यु भएपछि चारजनामाथि परेको जाहेरीमाथि छानबीन गर्दा दुईजनाको लोकेशन जाँच गर्दा काठमाडौंमा रहेकाले ती दुईजनामाथि मुद्दा चलाउन पत्र नपठाएको बताए। विनोद गुप्ता, मुकेश गुप्ता, राहुल गुप्ता र अनिश गुप्तामाथि जाहेरी परेको थियो।

त्यसमध्ये उमेश गुप्ता र विनोद गुप्ता छुटेका र राहुल गुप्ता कारागार चलान भएका छन् भने अनिश गुप्ता फरार छन्।




# गठबन्धन सरकारले जनताको समस्याप्रति ध्यान दिएन -पौडेल

प्रस, वीरगंज, ८ पुस/

नेकपा एमालेनिकट लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ नेपालको जीतपुरसिमरा उपमहानगर कमिटीको प्रथम नगर अधिवेशन शनिवार रजघट्टामा सम्पन्न भएको छ।

नेकपा एमालेका पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले अधिवेशनको उद्घाटन गर्दै गठबन्धन सरकारले जनताका समस्या समाधानमा ध्यानमा नदिएको आरोप लगाए।

उनले आदिवासी जनजातिका समस्या समाधान गर्नेतर्फ सरकारले कुनै ध्यान नदिएको उल्लेख गर्दै गठबन्धन सरकार भ्रष्टाचारमा लिप्त भएको आरोप लगाए। जति दिन यो सरकार रहन्छ, त्यति नै मुलुकमा आर्थिक सङ्कट बढ्ने र मुलुक अद्योगतितिर जाने बताए।

अधिवेशनले सुवास श्रेष्ठको अध्यक्षतामा ४५ सदस्यीय नगर कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्ष हेमनारायण चौधरी, सचिव श्यामबाबू खाँ र कोषाध्यक्ष अनीता रुम्बासहित ४५ जना सदस्य छन्।

**विरोधका ...**

हाजिर गर्न अवरोध गरिएपछि उच्च अदालतको शरणमा जाँदा सो अदालतले हाजिर गराउन गापालाई आदेश दिएको थियो। अदालतको आदेश लिएर जाँदा पनि हाजिर नगराएपछि आज सुरक्षाकर्मीहरूको सहयोगमा यादव हाजिर भएका हुन्। गापा कार्यालयमा यादवलाई हाजिर नगराउन विरोध भइरहेको थियो।



सहजरूपमा स्वागत पाएका प्रमुख प्रशासकीय अधिकृत पाठक र प्रहरीको सहयोगमा हाजिर गर्न जाँदै प्रमुख प्रशासकीय अधिकृत यादव। तस्वीरः प्रतीक

### आफ्नो कर्तव्य पूरा गर्दा समस्या उत्पन्न-प्रजिअ रेग्मी

जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले सम्बन्धित निकायले आफ्नो कर्तव्य पूरा गर्न नचाहेको कारण समस्या उत्पन्न हुने गरेको बताए। रौतहट जिल्लामा भर्खरै आएका प्रजिअ रेग्मीले आइतवार पत्रकारसँगको परिचयात्मक कार्यक्रममा स्थानीय ऐन २०७४ मा प्रत्येक स्थानीय निकायमा न्यायिक समिति रहे पनि समस्याको समाधान हुन नसकेको बताए। प्रमुख प्रशासकीय अधिकृतको हाजिर प्रहरी प्रशासनले नै गराइदिनुपर्ने, झैंझगडाको पनि प्रहरीले नै पञ्चायती गरिदिनुपर्ने जस्ता विकृति फैलँदै गएको प्रजिअ रेग्मीले बताए। उलने जिल्लामा शान्ति सुरक्षाको लागि आफू सदैव तत्पर रहने प्रतिबद्धता जनाए।

कार्यक्रममा सञ्चारकर्मीहरूले जिल्लामा अवैध क्रसर उद्योग सञ्चालन, अवैधरूपमा बालुवा, गिट्टीको उत्खनन, नदी किनारमा क्रसर उद्योगको स्थापना, सीमानाकामा मदिरापसल सञ्चालन, चोरी, तस्करी जस्ता घटना वृद्धि भएको अवगत गराएका थिए।

गजट प्रकाशन

न्यायालय,

श्रीमान् अवर न्यायाधीश महोदय,
नरकटियागंज, प० चम्पारण
मिसलेनियस वाद संख्या- 20/2018
(बटबारा वाद संख्या - 212 / 2008 से उत्पन्न)

हरिहर महतो ........................................ आवेदक
-बनाम-
रामपुकार महतो वो० ........................................ प्रतिवादीगण

नोटिश
बनाम

9. (ङ.) बच्ची देवी पति सिकन्दर गडरा पिता स्व शिव प्रसाद महतो 9 (च) संतोलिया देवी पति- जुगुल महतो पिता स्व० शिव प्रसाद महतो साकिन- देकुली, पूर्वी गापा पटेर्वासुगौली, वार्ड संख्या-03 थाना सेढवा, जिला- पर्सा, नेपाल 9. (छ) सचिका देवी पति- दिपेन्द्र राय पिता स्व शिव प्रसाद महतो साकिन- कैलानपुर, गा०पा० सखुआ परसौनी वार्ड संख्या-04 थाना - एकटांगा, जिला- पर्सा, नेपाल।

चूँ बजरिए अखबार प्रकाशन के माध्यम से आपसबों को सूचित किया जाता है कि (वादी) हरिहर महतो पिता स्व० देवनन्दन महतो साकिन- बेहरी, डाकघर - रामपुर थाना- भंगहा, जिला - प०चम्पारण ने आपसबो के विरूद्ध उक्त स्वत्व वाद दाखिल किया है, जिसमे सम्मन एवं निबंधित डाक से नोटिस के बावजूद आपसब न्यायालय में उपस्थित नहीं हुए।

अतः इस अखबार प्रकाशन के माध्यम से आपसबों को सूचित किया जाता है कि अगली निर्धारित तिथि 04-01-24 को 10.30 बजे पूर्वाहन स्वयं अथवा अपने अधिवक्ता के माध्यम से न्यायालय में उपस्थित होकर आपसब अपना पक्ष प्रस्तुत करे। अन्यथा आपसबो के विरूद्ध एक पक्षीय आदेश पारित किया जाएगा।

इसे सख्त ताकिद समझे।
आज दिनांक 19-12-23 को मेरे हस्ताक्षर एंव मुहर से जारी किया गया।

अवर न्यायाधीश महोदय,
नरकटियागंज, प० चम्पारण

# प्याज नियन्त्रण

प्रस, वीरगंज, ८ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले जीतपुरसिमरा उपमहानगरपालिका-७ जीतपुर बजारबाट डेढ लाख मूल्य



बराबरको तीन हजार किलो प्याजसहित पिकअप नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय, जीतपुरको टोलीले वीरगंजबाट चितवन जाँदै गरेको प्र.२०३-००१ च ६२०३ नम्बरको पिकअप चेकजाँच गर्दा बिलबीजकभन्दा बढी स्रोत खुलाउन नसकेको एक लाख ८१ हजार मूल्य बराबरको तीन हजार किलो प्याज बरामद गरेको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी गराए।

# पोखरिया-५ मा ग्याँससहितको चुलो वितरण

प्रस, पोखरिया, ८ पुस/

पोखरिया नगरपालिका–५ का ४८३ जनालाई ग्याँससहितको चुलो वितरण गरिएको छ। नगरप्रमुख प्रद्युम्न चौहानले ग्याँससहितको चुलो वितरण गर्दै यसबाट पोखरिया नपालाई धूवाँरहित बनाउन सहयोग पुग्ने बताए।


तस्वीरः प्रतीक

उनले पहिलो चरणमा वडा नं ५ मा वितरण गरिएको र यसलाई अन्य वडामा पनि वितरण गरिने बताए। उनले कागजी प्रक्रियाका कारण ५ नं वडामा मात्र चुलो वितरण गरिएको र अन्य वडामा प्रक्रिया मिलाएर चाँडै वितरण गर्ने बताए।

पूर्वनगरप्रमुख दीपनारायण रौनियारले काठ, दाउरा पाउन गाउँघरमा समस्या भएको र ग्याँससहितको सिलिन्डर, चुलो वितरण गरेकामा प्रशंसा गरे। उनले ग्याँस चुलो आफैं प्रयोग गर्न र अरूलाई नदिन सुझाए।

वडाध्यक्ष महिन्द्र महतोले २८ लाख ९८ हजारमा ४८३ जनालाई ग्याँससहितको सिलिन्डर, चुलो, रेगुलेटर, पाइप र लाइटर वितरण गरिएको बताए। उनकै अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका नगर अध्यक्ष विन्ध्याचल ठाकुर, क्षेत्रीय अध्यक्ष राजेश रौनियार, गोवर्द्धन यादव, कमल मुखिया, राजनारायण कुर्मी, युवा सङ्घका केन्द्रीय सदस्य कौशल साह, शिक्षक विनोद गिरीलगायतको सहभागिता थियो।


## चीसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- दम, हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय–समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## सिजी कपः डिपिएस र ब्राइटर एकेडेमी विजयी

प्रस, परवानीपुर, ८ पुस/

वीरगंजमा जारी सिजी कप अन्तर्गत आइतवार भएका दुई खेलमा पहिलोमा दिल्ली पब्लिक स्कूल (डिपिएस) र दोस्रोमा ब्राइटर एकेडेमी सिमरा विजयी भएका छन्।



डिपिएसको खेलमैदानमा भएको पहिलो खेलमा डिपिएसले ज्ञानदालाई शून्यका विरुद्ध तीन गोल गर्दै विजयी भएको हो भने दोस्रो खेलमा गौतम माविलाई एकका विरुद्ध सात गोल गरेर ब्राइटर एकेडेमी, सिमरा विजयी भएको हो।

पहिलो खेलमा डिपिएसका तर्फबाट प्रनीष श्रेष्ठले २० र ४४औं मिनेटमा दुई गोल गरेका थिए भने आदर्श सर्राफले ४२औं मिनेटमा एक गोल गरेका थिए। ज्ञानदाको तर्फबाट कुनै पनि गोल भएन। उक्त खेलका उत्कृष्ट खेलाडी डिपिएसका प्रनीष श्रेष्ठ घोषित भए।

यसैगरी, दोस्रो खेलमा ब्राइटरका जयराम महतोले २ र ४७औं मिनेटमा, सार्थकराज साहले १४ र ४४औं मिनेटमा गोल गरेका थिए भने एक, ४० र ४८औं मिनेटमा गौतम माविका खेलाडीले हिर्काएका गोलमा तीनवटा आत्मघाती हुँदा ब्राइटर एकेडेमीको खातामा कुल सात गोल हुन पुगेको थियो। सो खेलका उत्कृष्ट खेलाडी जयराम महतो घोषित भएका थिए।

सोमवारको पहिलो खेल सोलिडारिटी इन्टरनेशनल एकेडेमी हेटौंडा र न्यू एकता स्कूल, सिमराबीच हुनेछ भने दोस्रो खेल सनराइज स्कूल चितवन र सिमरा पब्लिक स्कूलबीच क्वाटरफाइनल खेल हुनेछ।

## प्रो–क्लब क्रिकेट च्याम्पियनशिपमा आर्मी र पुलिस विजयी

वीरगंज (पर्सा), ८ पुस/रासस

पर्साको वीरगंजमा जारी दोस्रो संस्करणको प्रो–क्लब क्रिकेट च्याम्पियनशिप टी–२० प्रतियोगितामा नेपाल आर्मी क्लब र नेपाल पुलिस क्लबले जीत हात पारेको छ।

वीरगंजस्थित नारायणी रङ्गशालामा सञ्चालित सो प्रतियोगिता अन्तर्गत आइतवार भएको पहिलो खेलमा पुलिसले एपिएफ क्लबलाई ८९ रनले स्तब्ध पारेको छ भने दोस्रो खेलमा नेपाल आर्मी क्लबले पर्सा–११ लाई ६६ रनले पराजित गरेको हो।

टस जितेर एपिएफले पहिले फिल्डिङ रोजेपछि ब्याटिङमा उत्रेको पुलिसले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १४० रनको योगफल जोडेको थियो। यस खेलको 'म्यान अफ दी म्याच' पुलिसका शेर मल्ल घोषित भए।

यस्तै, आजै भएको दोस्रो खेलमा आर्मीले पर्सा–११ लाई ६६ रनअन्तरले पराजित गरेको छ। टस जितेर पर्सा–११ ले पहिले फिल्डिङ राजेपछि ब्याटिङमा उत्रेको आर्मीले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १५९ रनको योगफल जोडेको थियो।

१६० रनको विजयी लक्ष्य लिई मैदानमा उत्रिएको पर्सा–११ ले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ९३ रन मात्र जोड्न सक्यो।

## प्रधानमन्त्री कप क्रिकेट : कोशीद्वारा मधेस प्रदेश पराजित

काठमाडौं, ८ पुस/रासस

प्रधानमन्त्री कप राष्ट्रिय टी–२० महिला क्रिकेट प्रतियोगितामा कोशी प्रदेशले मधेस प्रदेशलाई ६० रनले पराजित गर्दै विजयी भएको छ।

जीतका लागि १३० रनको विजयी लक्ष्य पछ्याएको मधेस प्रदेश २० ओभरमा नौ विकेट गुमाउँदै ६९ रनमा समेटियो। मधेसका लागि साना प्रवीणले ४१ बलमा तीन चौकासहित सर्वाधिक २७ रन बनाइन्। त्यस्तै, आरती महतोले २० बलमा चार चौकासहित १८ रन बनाइन्। त्यसबाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। ओपनर पूजा महतो तीन, एलिसा यादव चार, सरस्वतीकुमारी चौधरी सात, अनुराधा चौधरी र प्रतिमा साहले समान दुई/दुई रन बनाए।

कोशीका लागि सबनम राई र एलिसा खडियाले समान दुई विकेट लिए। रूविना क्षेत्री र सङ्गीता राईले समान एक/एक विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको कोशी प्रदेशले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १२९ रनको योगफल बनाएको थियो।

कोशीको लागि कप्तान रूविना क्षेत्रीले सर्वाधिक ५७ रनको योगदान दिइन्। उनले ६४ बलमा नौ चौकाको मदतमा ५७ रनको योगदान गरेकी हुन्। त्यस्तै, अप्सरी बेगमले ३९ रन बनाइन्। उनले ४१ बलमा सात चौकाको मदतमा ३९ रन बनाएकी हुन्। सबनम राईले अविजित १६ रन जोडिन्। उनले आठ बलमा दुई चौकाको सहायताले १६ रन जोडेकी हुन्। त्यसैगरी, लकिता राजवंशीले छ तथा नमिता श्रेष्ठले अविजित दुई रन बनाए।

बलिङतर्फ मधेस प्रदेशकी मीना महतोले दुई विकेट लिइन् भने पूजा महतो र सरस्वती चौधरीले समान एक/एक विकेट लिए। यस जीतसँगै कोशी प्रदेशले प्रतियोगितामा लागतार तेस्रो जीत दर्ता गराएको छ। कोशीले पहिलो खेलमा कर्णालीलाई १० विकेटले र दोस्रो खेलमा बागमती प्रदेशलाई आठ विकेटले हराएको थियो। यता मधेसको भने यो लगातार तेस्रो हार हो। यसअघि मधेस प्रदेश बागमती प्रदेशसँग २८ र एपिएफसँग १० विकेटले पराजित भएको थियो।

## प्रधानमन्त्री कप क्रिकेट : एपिएफको तेस्रो जीत

काठमाडौं, ८ पुस/रासस

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले प्रधानमन्त्री कप महिला टी–२० राष्ट्रिय प्रतियोगितामा लगातार तेस्रो जीत दर्ता गराएको छ। नेपाली महिला क्रिकेट टोलीकी कप्तानसमेत रहेकी इन्दु बर्माको उत्कृष्ट प्रदर्शनमा एपिएफले लुम्बिनी प्रदेशलाई ९० रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जीत दर्ता गराएको हो।

एपिएफले यसअघि मधेस प्रदेशलाई १० विकेटले हराएको थियो भने सुदूरपश्चिम प्रदेशलाई नौ विकेटले पराजित गरेको थियो। एपिएफ तीन खेलमा छ अङ्क जोड्दै अङ्कतालिकाको शीर्षस्थानमा छ। कोशी प्रदेशको समान छ अङ्क भएपनि नेट रनरेटका आधारमा दोस्रो स्थानमा छ।

जीतका लागि १५२ रनको विशाल विजयी लक्ष्य पछ्याएको लुम्बिनीले २० ओभरमा नौ विकेट गुमाउँदै ६१ रनको योगफल बनायो। लुम्बिनीको लागि लक्ष्मी चौधरीले सर्वाधिक २८ रन बनाइन्। उनले ४९ बलमा दुई चौकासहित २८ रन बनाइन्। त्यसबाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

एपिएफकी इन्दु बर्माले तीन विकेट लिइन्। त्यस्तै, विनु बुढाले दुई विकेट लिइन् भने रेखा रावल, करुणा भण्डारी र सीता रानामगरले समान एक/एक विकेट लिए। त्यसअघि माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको एपिएफले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै १५१ रनको योगफल बनाएको थियो। एपिएफको जीतमा इन्दु बर्माले सर्वाधिक ७० रनको योगदान दिइन्। उनले ५१ बलमा सात चौका र एक छक्कासहित सर्वाधिक ७० रनको योगदान दिएकी हुन्। त्यस्तै, ममता चौधरीले ५८ बलमा पाँच चौकासहित ५९ रन बनाइन्।

त्यसैगरी, कप्तान सीता रानामगरले नौ, रोमा थापाले तीन तथा राजमती ऐरीले दुई रन बनाए। लुम्बिनीका लागि सरस्वती पुन र शर्मिला रोकाले समान एक/एक विकेट लिए।

## गैंडा संरक्षणका लागि 'राइनो गोल्डकप' हुँदै

नवलपुर, ८ पुस/रासस

दुर्लभ एकसिङ्गे गैंडा संरक्षणका लागि भन्दै नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को मध्यबिन्दुमा मोफसलकै सर्वाधिक पुरस्कार राशिको राइनो गोल्डकप आगामी माघमा हुने भएको छ।

खेलकूदका माध्यमबाट युवामा वन, वन्यजन्तु एवं वातावरण संरक्षणका लागि चेतना विकास र विस्तार गर्ने, खेलकूद तथा पर्यापर्यटनको वृद्धि गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नेलगायत उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो।

राजधानी काठमाडौंबाहिरको सर्वाधिक पुरस्कार राशिको राइनो संरक्षण गोल्डकप फूटबल प्रतियोगिताको छैटौं संस्करण आगामी माघ २७ गतेदेखि शुरू हुनेछ। मध्यबिन्दुको राइनो क्लबको आयोजनामा फागुन ९ गतेसम्म हुने प्रतियोगिताको विजेताले उपाधिसहित रु १० लाख पुरस्कार हात पार्नेछ।

प्रतियोगिताको उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्ने आयोजक राइनो क्लबका अध्यक्ष दोमनबहादुर भण्डारीले जनाए। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई पनि आकर्षक पुरस्कारको व्यवस्था छ।

प्रतियोगितामा विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, नेपाल प्रहरी, सशस्त्र प्रहरीको एपिएफ टोली, आयोजक नवलपुर जिल्लासहित 'ए' डिभिजनका फूटबल क्लब, गण्डकी लुम्बिनी, मधेस र बाग्मती प्रदेशबाट चार टोलीसहित १२ टोलीको सहभागिता रहने भण्डारीले जानकारी दिए।

प्रतियोगिता सम्पन्न गर्न रु ७० लाख खर्च लाग्ने अनुमान गरिएको छ। विगत दुई दशकदेखि सञ्चालित राइनो कप फूटबल प्रतियोगिताको परिस्कृत र परिमार्जित अवधारणाको राष्ट्रियस्तरको राइनो संरक्षण गोल्डकप फूटबल प्रतियोगिता २०७० सालदेखि सञ्चालन गरिएको थियो।

जिल्लाको मध्यबिन्दु–२ कोल्हुवास्थित राइनो कप खेलमैदानमा बर्सेनि हुने प्रतियोगिता विगतमा कोरोना महामारीको सङ्क्रमणका कारण स्थगित गरिएको थियो। आयोजकले गरेको पत्रकार सम्मेलनमा राष्ट्रिय खेलकूद परिषद् गण्डकी प्रदेशका सदस्यसचिव श्रीधर शर्माले लामो इतिहास बोकेको राइनो संरक्षण गोल्डकप फूटबल प्रतियोगिता सञ्चालनका लागि खेलकूद परिषद्को सहयोग रहने बताए।

मध्यबिन्दु नगरपालिकाका प्रमुख भीमलाल अधिकारीले स्थानीय खेलाडी उत्पादन गर्नु आफ्नो र नगरपालिकाको प्राथमिकता रहे पनि राइनो संरक्षण गोल्डकप फूटबल प्रतियोगिताको निरन्तरता र विकासका लागि नगरपालिकाबाट सहयोग रहने बताए।